# अध्ययन प्रतिवेदन

## नेपालको लघुबीमा व्यवसायको अध्ययन तथा विश्लेषण

**नेपाल बीमा प्राधिकरण**
**NEPAL INSURANCE AUTHORITY**

नेपाल बीमा प्राधिकरण

असार, २०८३

# कार्यकारी सारांश

नेपालमा न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्ग तथा समुदायलाई वित्तीय मूलप्रवाहीकरणमा समावेश गराउने उद्देश्यका साथ लघुबीमा निर्देशिका, २०७१ जारी भएको थियो। यस नीतिगत व्यवस्था अनुरूप परम्परागत बीमकहरू मार्फत लघुबीमा व्यवसाय हुँदै आएकोमा बीमा ऐन, २०७९ लागू भए पश्चात लघुबीमा व्यवसाय मात्र गर्ने गरी वि.सं. २०७९ र २०८० सालमा लघु जीवन बीमातर्फ ३ वटा र लघु निर्जीवन बीमातर्फ ४ वटा गरी कुल ७ वटा विशिष्टीकृत लघुबीमकको स्थापना भएको छ। यसरी लघुबीमकको स्थापनासँगै नेपालको लघुबीमा क्षेत्रमा नयाँ संस्थागत युगको सुरुवात भएको छ। सञ्चालनको करिब ३ वर्षको अवधिमा लघुबीमा क्षेत्रले वित्तीय समावेशीकरणका लागि महत्त्वपूर्ण संरचनागत आधार तयार पारेको देखिन्छ।

संस्थागत विस्तारका सन्दर्भमा लघुबीमकको शाखा सङ्ख्या आ.व. २०७९/८० मा ३ वटा रहेकोमा विस्तार भई आ.व. २०८२/८३ को फागुन मसान्तसम्म २०९ वटा पुगेको छ भने सोही अवधिमा कर्मचारी सङ्ख्या २८ बाट बढेर ६४० पुगेको छ। तथापि, लघु बीमकको शाखाको प्रादेशिक वितरणमा कुल शाखाको २२.०१ प्रतिशत अंश बाग्मती प्रदेशमा मात्र केन्द्रित रहेको छ भने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको कर्णाली प्रदेशमा कुल शाखाको जम्मा ६.२२ प्रतिशत शाखा मात्र रहेको छ। यसका अतिरिक्त, सबै कम्पनीहरू काठमाडौं उपत्यकामै केन्द्रित रहनुले व्यावसायिक निर्णय प्रक्रिया प्रादेशिक रूपमा विकेन्द्रीकृत हुन सकेको देखिँदैन।

व्यावसायिक कारोबारको दृष्टिले लघुबीमकको स्थापना सँगै लघु जीवन बीमातर्फको बीमालेख सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ।त्यसैगरी आ.व. २०८२/८३ को फागुन मसान्त सम्ममा प्रथम बीमाशुल्क रु. ८५.९५ करोड र बीमाङ्क रकम रु. २.५५ खर्ब पुगेको छ। लघु जीवन बीमकको व्यवसायको अधिकांश हिस्सा म्यादी बीमालेखमा केन्द्रित रहेको देखिन्छ। लघु निर्जीवन बीमातर्फ बीमालेखको ८० प्रतिशत भन्दा बढी हिस्सा मोटर तेस्रो पक्ष बीमामा केन्द्रित हुनाले कृषि, स्वास्थ्य र घर लगायतका अन्य लघुबीमाको हिस्सा न्यून रहनुले लघुबीमाको वास्तविक लक्षित समूहका जोखिमहरूको अझै पनि पर्याप्त रूपमा रक्षावरण हुन सकेको छैन।

लघु जीवन बीमा तर्फ महिला बीमितको हिस्सा ६० प्रतिशत भन्दा माथि रहनुले लैङ्गिक समावेशिता कायम रहेको देखिन्छ। लघु जीवन बीमकले आ.व. २०८२/८३ को फागुनसम्म रु. ३१.२४ करोड बराबर दाबी भुक्तानी गरेको देखिन्छ।

लघु बीमकको चुक्ता पूँजी रु. पचहत्तर करोड तोकिएकोमा हाल ७ वटा लघुबीमा कम्पनी मध्ये ३ कम्पनीले सर्वसाधारणमा सेयर निष्कासन गरी चुक्ता पूँजी पुरा गरेका छन भने ४ वटा लघुबीमकले सर्वसाधारणमा सेयर निष्कासन गर्न नसकेको कारण तोकिएको चुक्ता पूँजी पुरा गर्न सकेका छैनन्।

लघु बीमकमा कुल अभिकर्तामध्ये संस्थागत अभिकर्ताको तुलनामा व्यक्तिगत अभिकर्ताको सङ्ख्या बढि रहेको छ भने निर्जीवन लघुबीमा अभिकर्ताको तुलनामा लघु जीवन बीमा तर्फका अभिकर्ताको सङ्ख्या उल्लेखनीय रहेको छ।

अन्त्यमा, लघुबीमा क्षेत्रको समग्र सुधारका लागि नीतिगत तथा नियामकीय हस्तक्षेप आवश्यक रहेको देखिएको छ। न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्ग तथा समुदाय लक्षित गरी निश्चित समयसीमाभित्र अनिवार्य शाखा विस्तारको बाध्यकारी व्यवस्था र पोर्टफोलियो विविधीकरणको व्यवस्था गर्नु पर्ने देखिन्छ। साथै प्रविधि र वितरण प्रणालीमा सुधारका लागि मोबाइल तथा डिजिटल वालेट लगायतका नविनतम् प्रविधिमा लघुबीमाको बण्डलिङ गर्दै लघुवित्त संस्था तथा सहकारीमार्फत साझेदारी अभिकर्ता मोडेलको विस्तार र दाबी भुक्तानी प्रक्रियामा सुधारको लागि डिजिटल प्रणालीको प्रयोग गर्दै जानु पर्ने देखिन्छ।

# विषय सूची


कार्यकारी सारांश

विषय सूची

तालिका सूची

चार्ट सूची

अध्याय १ परिचय ........................................................ १

१.१ पृष्ठभूमि ........................................................ १

१.२ समस्याको पहिचान ........................................................ २

१.३ अध्ययनको उद्देश्य ........................................................ २

१.४ अध्ययन उपसमिति ........................................................ २

१.५ अध्ययन विधि ........................................................ ३

१.६ अध्ययनको सीमा ........................................................ ३

१.७ प्रतिवेदनको ढाँचा ........................................................ ४

अध्याय २ यस अघिका अध्ययनको पुनरावलोकन ........................................................ ५

२.१ लघुबीमाको अवधारणा र विकासक्रम ........................................................ ५

२.१.१ लघुबीमाको अवधारणागत विकास ........................................................ ५

२.१.२ पहुँच, विस्तार र माग-आपूर्तिको अन्तर ........................................................ ५

२.१.३ लक्ष्य विचलन (Mission Drift) सम्बन्धी बहस ........................................................ ६

२.१.४ दाबी भुक्तानी र विश्वसनीयता ........................................................ ६

२.२ अन्तर्राष्ट्रिय अभ्यास र नियामक ढाँचाको तुलनात्मक अध्ययन ........................................................ ६

२.२.१ लघुबीमाका अन्तर्राष्ट्रिय वितरण मोडेलहरु ........................................................ ६

२.२.२ एसियाली र अन्तर्राष्ट्रिय अनुभव ........................................................ ७

२.२.३ नियामक ढाँचाको तुलनात्मक टिप्पणी ........................................................ ७

२.३ नेपालमा लघुबीमाको विकास, नीतिगत संरचना र राष्ट्रिय अध्ययनहरू ........................................................ ८

२.३.१ नेपालमा लघुबीमाको विकासक्रम ........................................................ ८

२.३.२ नेपालमा वित्तीय समावेशीकरण र लघुबीमाको सम्बन्ध ........................................................ ८

२.३.३ नेपालमा लघुबीमाको लैङ्गिक समावेशीकरण सम्बन्धी अध्ययन ........ ८
२.३.४ लघुबीमा दिगोपना, व्यावसायिक मोडेल र भविष्यका चुनौती ........ ९
२.४ यस अघिका अध्ययन पुनरावलोकनको सार ........ ९
**अध्याय ३ लघुबीमा क्षेत्रको विद्यमान अवस्था ........ १०**
३.१ लघुबीमकको स्थापना र पूँजी संरचना ........ १०
३.१.१ लघुबीमकको स्थापना ........ १०
३.१.२ लघुबीमकको पूँजी संरचना ........ ११
३.२ शाखा कार्यालय तथा मानव संसाधनको अवस्था ........ ११
३.३ लघुबीमा अन्तर्गत प्रचलनमा रहेका बीमालेखहरु ........ १४
३.४ तालिम, सामाजिक उत्तरदायित्व र जन चेतना कार्यक्रम ........ १७
३.५ लघुबीमकसँग आवद्ध अभिकर्ता ........ १८
३.६ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको लघुबीमा व्यवसाय ........ १८
३.६.१ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको कुल लघुबीमा बीमाशुल्क संकलन ........ १८
३.६.२ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको लघुबीमा कारोवारमा औसत प्रति बीमित बीमाशुल्क ........ १९
३.७ लघु जीवन बीमकको कारोबार ........ २०
३.७.१ आ.व. २०७९/८० को कारोबार ........ २०
३.७.२ आ.व. २०८०/८१ को कारोबार ........ २०
३.७.३ आ.व. २०८१/८२ को कारोबार ........ २१
३.७.४ आ.व. २०८२/८३ (फागुन) सम्मको कारोबार ........ २१
३.८ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकको लघुबीमा ........ २२
३.९ लघु निर्जीवन बीमा कम्पनीहरूको कारोबार ........ २४
३.९.१ आ.व. २०७९/८० को कारोबार ........ २४
३.९.२ आ.व. २०८०/८१ को कारोबार ........ २४
३.९.३ आ.व. २०८१/८२ को कारोबार ........ २५
३.९.४ आ.व. २०८२/८३ (फागुन) सम्मको कारोबार ........ २६

३.९.५ लघु निर्जीवन बीमकको पोर्टफोलियो ........ २६
३.१० लैङ्गिक विश्लेषण ........ २९
३.११ लघुबीमा तर्फको दाबी भुक्तानी ........ २८
**अध्याय ४ लघुबीमाको अन्तर्राष्ट्रिय अभ्यास ........ ३०**
४.१ भारतमा रहेको अभ्यास ........ ३०
४.२ बङ्गलादेशमा रहेको अभ्यास ........ ३०
४.३ फिलिपिन्समा रहेको अभ्यास ........ ३०
४.४ घानामा रहेको अभ्यास ........ ३१
४.५ केन्यामा रहेको अभ्यास ........ ३१
**अध्याय ५ निष्कर्ष तथा सुझावहरू ........ ३२**
५.१ निष्कर्ष ........ ३२
५.२ सुझावहरू ........ ३३
५.२.१ कानुनी तथा नीतिगत सुधार ........ ३३
५.२.२ संस्थागत सुशासन, जनशक्ति र बजारमा सुधार ........ ३३
५.२.३ प्रविधि र वितरण प्रणालीमा सुधार ........ ३४
५.२.४ बीमालेख विविधिकरण, सामाजिक सुरक्षा र दाबी व्यवस्थापनमा सुधार ........ ३४
**सन्दर्भ सामग्री ........ ३५**
**तालिकाहरूको अनुसूची ........ ३७**

# तालिका सूची

तालिका १ लघुबीमकको स्थापना विवरण ........ १०
तालिका २ लघुबीमकको पूँजी संरचना ........ ११
तालिका ३ लघुबीमकको शाखा तथा कर्मचारी सङ्ख्या ........ १२
तालिका ४ प्रदेशगत शाखा तथा कर्मचारी वितरण (आ.व. २०८२/८३ फागुन सम्म) ........ १२
तालिका ५ बीमकद्वारा तयार गरी प्राधिकरणबाट स्वीकृत बीमालेख ........ १५
तालिका ६ प्राधिकरणद्वारा जारी स्तरीकृत बीमालेख ........ १६

तालिका ७ लघु बीमकले तालिम, सामाजिक उत्तरदायित्व र जनचेतनामा गरेको कुल खर्च .......................... १७
तालिका ८ लघु बीमा अभिकर्ता.......................................................................................... १८
तालिका ९ जीवन बीमकको लघु बीमाशुल्क संकलन ........................................................... १८
तालिका १० आ.व. २०७९/८० को लघु जीवन बीमा कारोबार........................................................ २०
तालिका ११ आ.व. २०८०/८१ को लघु जीवन बीमा कारोबार........................................................ २०
तालिका १२ आ.व. २०८१/८२ को लघु जीवन बीमा कारोबार........................................................ २१
तालिका १३ आ.व. २०८२/८३ (फागुन) सम्मको लघु जीवन बीमा कारोबार....................................... २१
तालिका १४ लघु जीवन बीमकको समग्र बीमा व्यवसाय ............................................................. २२
तालिका १५ निर्जीवन बीमकको लघु बीमा कारोबार.................................................................... २२
तालिका १६ आ.व. २०७९/८० को लघु निर्जीवन बीमा कारोबार.................................................... २४
तालिका १७ आ.व. २०८०/८१ को लघु निर्जीवन बीमा कारोबार.................................................... २४
तालिका १८ आ.व. २०८१/८२ को लघु निर्जीवन बीमा कारोबार.................................................... २५
तालिका १९ आ.व. २०८२/८३ (फागुन) सम्मको लघु निर्जीवन बीमा कारोबार ................................... २६
तालिका २० लघु निर्जीवन बीमकको समग्र बीमा व्यवसाय.......................................................... २६
तालिका २१ पोर्टफोलियोको आधारमा लघु निर्जीवन बीमालेख......................................................... २७
तालिका २२ लघु जीवन बीमालेखमा लैङ्गिक अनुपात .................................................................. २८
तालिका २३ लघु जीवन बीमकको दाबी भुक्तानी विवरण............................................................... २८
तालिका २४ लघु जीवन बीमकको दाबी भुक्तानी.......................................................................... २९

# चार्ट सूची

चार्ट १ लघुबीमकको प्रदेशगत शाखा उपस्थितिको हिटम्याप.............................................................. १३
चार्ट २ लघुबीमकको प्रदेशगत शाखा र कर्मचारी......................................................................... १४
चार्ट ३ जीवन बीमकको लघुबीमाशुल्क संकलन......................................................................... १९
चार्ट ४ औसत प्रति बीमित बीमाशुल्क रकम ............................................................................. १९

# अध्याय १
# परिचय

## १.१ पृष्ठभूमि

आर्थिक रूपले विपन्न, न्यून आय भएका, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्ग तथा समुदायलाई वित्तीय मूलप्रवाहीकरणमा समावेश गराउनु लोक कल्याणकारी राज्यको प्रमुख दायित्व रहेको सन्दर्भमा न्यून आय भएका वर्गको जीवन तथा सम्पत्तिमा आइपर्न सक्ने सम्भावित जोखिमलाई व्यवस्थापन गरी वित्तीय सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ नेपालमा लघुबीमाको अवधारणा अघि सारिएको हो। नेपालमा लघुबीमाको औपचारिक यात्रा सुरु भएको एक दशकभन्दा बढी समय व्यतीत भइसकेको छ। विशेषगरी, नेपाल बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) बाट "लघुबीमा निर्देशिका, २०७१" जारी भएपश्चात जीवन तथा निर्जीवन बीमक मार्फत लक्षित वर्गका लागि लघुबीमा योजनाहरू कार्यान्वयनमा आएका छन्। लघुबीमा योजनाहरू कार्यान्वयनमा पश्चात ग्रामीण र सीमान्तकृत क्षेत्रमा बीमाको पहुँच पुऱ्याउन प्रारम्भिक आधारशिला तयार भएको देखिन्छ।

बीमा ऐन, २०७९ ले लघुबीमाको परिभाषा र कार्यक्षेत्रलाई थप स्पष्ट पारेको छ। ऐनले "न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्गलाई लक्षित गरी गरिने बीमा" लाई लघुबीमाका रूपमा परिभाषित गर्दै यसलाई कानुनी रूपमै संस्थागत गरेको छ। सोही कानुनी व्यवस्था र राज्यको वित्तीय समावेशिताको नीतिलाई कार्यान्वयन गर्न वि.सं. २०७९ र २०८० मा नेपालमा पहिलो पटक विशिष्टीकृत लघुबीमकको स्थापना भएको हो। हाल लघु जीवन बीमा तर्फ ३ वटा र लघु निर्जीवन बीमा तर्फ ४ वटा गरी जम्मा ७ वटा कम्पनीहरू सञ्चालनमा रहेका छन्।

नेपालको भौगोलिक अवस्थिति र जलवायु परिवर्तनका कारण सिर्जित प्राकृतिक तथा मानव सिर्जित विपद्को संवेदनशीलताले लघुबीमाको सान्दर्भिकतालाई थप उजागर गरेको छ। तथ्याङ्कीय दृष्टिले हेर्दा, सन् २०१५ देखि २०२४ सम्मको अवधिमा प्रमुख विपद्हरूको प्रतिकार्य र पुनःस्थापनाका लागि नेपाल सरकारले वार्षिक औसत ५० अर्ब[१] रुपैयाँ भन्दा बढी खर्च गर्नुपरेको अवस्था छ। यस प्रकारको वर्षेनी राज्यलाई आइपर्ने ठुलो आर्थिक भारलाई कम गर्न र न्यून आय भएका नागरिकलाई गरिबीको दुष्चक्रमा फस्न नदिन लघुबीमा एक प्रभावकारी वित्तीय औजारको रूपमा स्थापित गर्नु पर्दछ।

लघुबीमा क्षेत्रमा तीव्र संस्थागत विस्तार भए तापनि लक्ष्य विचलन (Mission Drift) का सङ्केतहरू देखा पर्न थालेका छन्। विशिष्टीकृत लघुबीमक स्थापना भएको तीन वर्ष व्यतीत भइसक्दा पनि लघुबीमाको पहुँच सुगम र सहरी क्षेत्रमा बढी केन्द्रित हुनु तर दुर्गम एवं अति-विपन्न वर्गसम्म पुग्न नसक्नुले यसको मूल मर्म अनुकुल हुन सकेको छैन। यस प्रतिवेदनले लघुबीमा कम्पनीहरूको कार्यसम्पादन र लघुबीमा बजारको समग्र प्रभावकारिताको विश्लेषण गर्ने प्रयास गरेको छ।

---

१ एस. अधिकारी (२०२५), "इन्टिग्रेशन अफ बैङ्क्स एन्ड फाइनान्सियल इन्स्टिच्युसन्स इन डिजास्टर रिस्क फाइनान्सिंग," नेपलिज जर्नल अफ इकोनोमिक स्टडिज, ४ (१), पृष्ठ ७१-८५

## १.२ समस्याको पहिचान

नेपालको योजनाबद्ध विकासको इतिहासमा छैठौं योजनादेखि नै आधारभूत आवश्यकताको रुपमा सामाजिक सुरक्षाको अवधारणालाई प्राथमिकतामा राखिँदै आएको पाइन्छ । वर्तमान नेपालको संविधानको धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकको सामाजिक सुरक्षाको हकको प्रत्याभूति गरेको छ। यद्यपि, नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० का अनुसार अझै पनि २०.२७ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेको तथा १७.४० प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीको चपेटामा रहेको यथार्थले वित्तीय सुरक्षामा भएको कमजोरी दर्शाउँछ। यस्तो आर्थिक जोखिममा रहेका समुदायको लागि लघुबीमा एक प्रभावकारी सुरक्षा कवच बन्न सक्ने भए तापनि व्यवहारमा यसको कार्यान्वयन पक्षमा गम्भीर चुनौतीहरू देखिएका छन्। यस परिप्रेक्ष्यमा लघुबीमकको स्थापना भएको तीन वर्ष बितिसकेको भए तापनि विपन्न वर्ग र ग्रामीण क्षेत्रमा बीमा सेवा पर्याप्त पुग्न सकेको छैन। यस सन्दर्भमा देखिएका प्रमुख समस्याहरू देहाय बमोजिम रहेका छन्।

क. लघुबीमा कम्पनीहरु सुगम क्षेत्रमा केन्द्रित हुनु।

ख. लघुबीमकमा लक्ष्य विचलनको अवस्था सिर्जना हुनु।

ग. परम्परागत वितरण प्रणालीमा निर्भर रहनु।

घ. नविनतम तथा विशिष्टिकृत बीमालेखको पर्याप्त विकास हुन नसक्नु।

ङ. लक्षित समुदायमा बीमा सम्बन्धी जनचेतनाको कमि, सूचनाको न्यून पहुँच र यसलाई आर्थिक सुरक्षाको भरपर्दो माध्यमका रूपमा आत्मसात गराउन नसक्नु।

च. बीमा सेवाको विस्तार र बजारीकरणमा कठिनाई देखिनु।

सामाजिक सुरक्षाको संवैधानिक र नीतिगत अवधारणा बमोजिम लघुबीमालाई वास्तविक सीमान्तकृत समुदायको हितमा परिचालन गर्ने र यसको पहुँच विस्तारका लागि विद्यमान संरचनात्मक एवं नीतिगत अवरोधहरू हटाउन अवलम्बन गर्नुपर्ने उपायहरू पहिचान गर्नु यस अध्ययनको विषय रहेको छ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

- नेपालमा सञ्चालित लघुबीमकको पुँजी संरचना, शाखा सञ्जाल र जनशक्तिको विद्यमान अवस्थाको विश्लेषण गर्नु ।
- लघुबीमा क्षेत्रमा प्रचलनमा रहेका बीमालेख र व्यवसायिक कारोबारको प्रवृत्तिको समीक्षा गर्नु।
- लघुबीमकको दाबी भुक्तानी प्रक्रिया र सोको प्रभावकारिताको अध्ययन गर्नु।
- लघुबीमा क्षेत्रमा लैङ्गिक समावेशीकरण, तालिम र सामाजिक उत्तरदायित्वको वर्तमान अवस्थाको मूल्याङ्कन गर्नु।
- लघुबीमा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरुको अध्ययन गरी आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्नु।

## १.४ अध्ययन उपसमिति

नेपालमा लघुबीमा क्षेत्रको वर्तमान अवस्था, अन्तरराष्ट्रिय असल अभ्यास, विद्यमान समस्याको पहिचान र समाधानका प्रभावकारी उपाय सहित सिफारिस गर्ने उद्देश्यका साथ नेपाल बीमा प्राधिकरणको मिति २०८३/०१/....

को निर्णयानुसार एक अनुसन्धान उपसमिति गठन गरिएको हो। सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवाला निकायहरूको प्रतिनिधित्व रहने गरी गठन गरिएको उक्त उपसमितिको संरचना निम्नबमोजिम रहेको छ

| क्र.सं. | पद / प्रतिनिधित्व | भूमिका |
|---|---|---|
| १ | कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण | संयोजक |
| २ | निर्देशक, बीमालेख महाशाखा प्रमुख | सदस्य |
| ३ | उपनिर्देशक, अनुसन्धान तथा तथ्याङ्क शाखा | सदस्य |
| ४ | लघुबीमा विषय विज्ञ | सदस्य |
| ५ | उपनिर्देशक, लघुबीमा शाखा प्रमुख | सदस्य सचिव |

## १.५ अध्ययन विधि

यस अध्ययनलाई तथ्यपरक, भरपर्दो र नतिजामुखी बनाउन उपसमितिले परिमाणात्मक तथा गुणात्मक दुवै पक्ष समेटिएको मिश्रित अध्ययन विधि (Mixed Methods Approach) अवलम्बन गरिएको छ। अध्ययनको प्रारम्भिक चरणमा लघुबीमाका सिद्धान्त, अन्तर्राष्ट्रिय अभ्यास र नवीनतम् अवधारणाको गहन अध्ययन समीक्षा गरी एक वैचारिक खाका तयार गरिएको छ। यसै क्रममा नेपालको विद्यमान कानुनी संरचना, नीतिगत व्यवस्था र नियामक ढाँचाको समेत विश्लेषण गरिएको छ। तथ्याङ्कीय विश्लेषणका लागि नेपाल बीमा प्राधिकरणका आधिकारिक प्रतिवेदनहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO) का प्रकाशनहरू र अन्य सरोकारवाला निकायहरूबाट प्राप्त द्वितीय स्रोतका विवरणहरूलाई मुख्य आधार बनाइएको छ।

अध्ययनलाई थप वस्तुपरक बनाउन गुणात्मक राय र विशेषज्ञ सुझावहरूलाई प्रतिवेदनको निष्कर्ष निकाल्न प्रयोग गरिएको छ। संकलित तथ्याङ्क तथा सूचनाहरूलाई आधुनिक विश्लेषण प्रविधि मार्फत प्रशोधन गरी विवरणात्मक र विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ। समग्रमा, यो अध्ययनले प्राप्त तथ्याङ्कको व्याख्या मात्र नगरी त्यसको अन्तर्निहित कारण र भविष्यमा पर्न सक्ने प्रभावहरूको समेत सूक्ष्म विश्लेषण गर्ने विधि अपनाएको छ।

## १.६ अध्ययनको सीमा

यो अध्ययन मुख्यतया नेपाल बीमा प्राधिकरण र सञ्चालनमा रहेका सातवटा लघुबीमकबाट प्राप्त द्वितीय तथ्याङ्कहरूमा आधारित रहेको हुनाले प्राप्त विवरणहरूको शुद्धता र पूर्णता ती निकायहरूले उपलब्ध गराएको तथ्याङ्कको गुणस्तरमा निर्भर रहेको छ। अध्ययनको समयावधि र स्रोतको सीमितताका कारण नेपालका सबै भौगोलिक क्षेत्रका बीमितसम्म पुगेर प्राथमिक तथ्याङ्क संकलन गर्न सम्भव नभएकाले सर्वेक्षणको नतिजालाई सीमित रुपमा विश्लेषण गरिएको छ। यसका अतिरिक्त, लघुबीमक सञ्चालनमा आएको छोटो अवधि (करिब ३ वर्ष) मात्र भएकाले यिनको दीर्घकालीन प्रभाव र दिगोपनाको पूर्ण मूल्याङ्कन गर्न पर्याप्त विगतका तथ्याङ्कको अभाव रहेको छ। अध्ययनले मुख्य रूपमा लघुबीमाको पहुँच, दाबी भुक्तानी र कानुनी पक्षलाई मात्र समेटेको हुनाले बीमितको व्यवहारगत पक्ष र विस्तृत सामाजिक-आर्थिक प्रभावका सबै आयामहरूलाई यस प्रतिवेदनले पूर्ण रूपमा समेट्न सकेको छैन ।

## १.७ प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई मूलत ५ अध्यायमा विभाजन गरी तयार गरिएको छ। अध्याय १ मा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्य, अध्ययन विधि र अध्ययनका सीमाहरूलाई समेटिएको छ। यस प्रतिवेदनको अध्याय २ मा लघुबीमा क्षेत्रमा यसअघि भएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरूको पुनरावलोकन गर्दै प्रस्तुत अध्ययनका लागि आवश्यक सैद्धान्तिक तथा व्यावहारिक मार्गदर्शनको विस्तृत विवरण प्रस्तुत गरिएको छ। अध्याय ३ मा नेपालमा लघुबीमाको वर्तमान अवस्थालाई तथ्याङ्कीय रूपमा प्रस्तुत गरिएको छ। यस खण्डमा कम्पनीहरूको शाखा विस्तार, लैङ्गिक समावेशिता र दाबी भुक्तानीको प्रवृत्तिलाई विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ। अध्याय ४ ले लघुबीमाको विद्यमान कानुनी तथा नीतिगत व्यवस्था र संस्थागत संरचनाको समीक्षा गरेको छ। यसैगरी, अध्याय ५ मा अध्ययनका क्रममा देखिएका प्रमुख समस्याहरू, चुनौतीहरू, लघुबीमा क्षेत्रमा विद्यमान लक्ष्य विचलन (Mission Drift) सम्बन्धी मुद्दाहरूलाई गहन रूपमा विश्लेषण गर्दै आगामी दिनमा चालिनुपर्ने नीतिगत, कानुनी र व्यावहारिक सुधारका उपायहरूका निष्कर्ष सहितका सुझाव सिफारिस गरिएको छ ।

## अध्याय २

# यस अघिका अध्ययनको पुनरावलोकन

लघुबीमा सम्बन्धी अध्ययन तथा अनुसन्धानको विश्वव्यापी इतिहास बीसौं शताब्दीको अन्त्यतिरबाट तीव्र रूपमा विस्तार भएको पाइन्छ। विशेषगरी सन् १९९० को दशकपश्चात विकासोन्मुख राष्ट्रहरूमा वित्तीय समावेशीकरण र गरिबी निवारणका सन्दर्भमा लघुबीमालाई एक प्रभावकारी रणनीतिक औजारको रूपमा स्विकारिएको छ। यस अध्यायमा लघुबीमाका अन्तर्राष्ट्रिय असल अभ्यास, राष्ट्रिय सन्दर्भ र नीतिगत यस अघिका अध्ययनहरूको गहन पुनरावलोकन प्रस्तुत गरिएको छ। यो समीक्षा मुख्यतया यस अध्ययनका आधारभूत स्तम्भहरू संस्थागत संरचना, व्यावसायिक कारोबार, दाबी भुक्तानीको प्रवृत्ति, लैङ्गिक समावेशीकरण, तुलनात्मक अन्तर्राष्ट्रिय मोडेल र कानुनी संरचनामा केन्द्रित रहेको छ। यस पुनरावलोकनले लघुबीमाको वर्तमान अवस्थाको विश्लेषण गर्न र विद्यमान समस्याहरु पहिचान गर्न ठोस सैद्धान्तिक आधार प्रदान गर्नेछ।

## २.१ लघुबीमाको अवधारणा र विकासक्रम

### २.१.१ लघुबीमाको अवधारणागत विकास

लघुबीमाको सैद्धान्तिक धरातल मुख्यतया न्यून आय भएका र जोखिमको उच्च जोखिममा रहेका वर्गको सुरक्षासँग जोडिएको छ। Churchill (२००६) का अनुसार लघुबीमा भनेको परम्परागत बीमाको पहुँचबाट सधैं वञ्चित रहने न्यून आय भएका मानिसहरूका लागि तयार पारिएको विशिष्ट सुरक्षण प्रणाली हो। यो परिभाषाले लघुबीमालाई केवल व्यावसायिक उत्पादनको रूपमा मात्र नहेरी एक सामाजिक दायित्वको रूपमा समेत स्थापित गर्दछ। यसै सन्दर्भमा Dror र Jacquier (१९९९) ले लघुबीमालाई वित्तीय जोखिम व्यवस्थापनको एक प्रभावकारी उपकरणका रूपमा चित्रण गर्दै यसलाई लघुवित्त संस्थाहरूसँगको आबद्धतामार्फत वित्तीय समावेशीकरणको अभिन्न अङ्ग बनाउनुपर्नेमा जोड दिएका छन् ।

Morduch (२००६) ले आफ्नो अध्ययनमा लघुबीमाको माग पक्ष (Demand-side) लाई विशेष महत्त्व दिएका छन्। उनका अनुसार स्वास्थ्य सङ्कट, कृषिमा समस्या र प्राकृतिक प्रकोपका कारण न्यून आय भएका परिवारहरू पटक-पटक गरिबीको दुष्चक्रमा फस्ने गर्दछन्। यस्तो अवस्थामा उपयुक्त लघुबीमा पोलिसीले ती परिवारहरूलाई आर्थिक स्थिरता प्रदान गरी गरिबीबाट बाहिर निकाल्न मद्दत गर्दछ। अर्कोतर्फ, Platteau र Abraham (२००२) ले अनौपचारिक जोखिम हस्तान्तरण संयन्त्र र औपचारिक लघुबीमाबीचको तुलनात्मक अध्ययन गर्दै समुदाय-आधारित बीमाका सीमाहरू औंल्याएका छन्। उनीहरूका अनुसार बाढी वा खडेरी जस्ता साझा जोखिम (Covariate Risk) को सामना गर्न अनौपचारिक संयन्त्रहरू असक्षम हुने हुँदा औपचारिक लघुबीमाको भूमिका अपरिहार्य रहन्छ। नेपालको भौगोलिक संवेदनशीलताको परिप्रेक्ष्यमा यो विषय विशेष रुपमा सान्दर्भिक देखिन्छ।

### २.१.२ पहुँच, विस्तार र माग-आपूर्तिको अन्तर

विश्वव्यापी रूपमा लघुबीमाको पहुँच र विस्तारको अवस्था अझै पनि चुनौतीपूर्ण रहेको पाइन्छ। Dercon (२००५) ले अफ्रिका र एसियाका विभिन्न देशहरूमा गरेको अध्ययनले "पहुँचको कमी" (Penetration Gap) लाई उजागर गरेका छन्। उनको विश्लेषण अनुसार विश्वका करिब ३ अर्ब ९० करोड सम्भावित लक्षित जनसङ्ख्यामध्ये ५ प्रतिशतभन्दा कमले मात्र बीमा सुविधा उपभोग गरिरहेका छन्। नेपालको सन्दर्भमा पनि बीमाको पहुँच दर अझै न्यून रहनुले यो विश्वव्यापी प्रवृत्तिसँग मेल खान्छ।

Matul, Dalal, De Bock र Gelade (2013) ले लघुबीमाको मागमा अवरोध पुऱ्याउने तीन प्रमुख तत्वहरू पहिचान गरेका छन्। जस अन्तर्गत (क) सामर्थ्य (Affordability) को कमी, (ख) उत्पादनको उपयुक्तता (Value Proposition) प्रतिको अविश्वास, र (ग) बीमा सम्बन्धी सचेतनाको अभाव रहेका छन्। यी अवरोधहरू वर्तमानमा नेपालका लघुबीमकले सामना गरिरहेका समस्याहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्। यद्यपि, Microinsurance Network (2021) को प्रतिवेदनले डिजिटल प्रविधिको प्रयोगमार्फत केन्या, बङ्गलादेश र भारतमा हासिल भएका सफलताहरूले नेपालका लागि पनि मोबाइलमा आधारित लघुबीमा विस्तारको नयाँ सम्भावना इङ्गित गरेको छ।

### २.१.३ लक्ष्य विचलन (Mission Drift) सम्बन्धी बहस

लघुबीमा क्षेत्रमा लक्ष्य विचलन एक गम्भीर नीतिगत मुद्दाको रूपमा देखा परेको छ। Armendáriz र Szafarz (२०११) का अनुसार जब कुनै संस्थाले आफ्नो मूल सामाजिक उद्देश्यभन्दा व्यावसायिक नाफालाई बढी प्राथमिकता दिन्छ, तब लक्ष्य विचलनको अवस्था सिर्जना हुन्छ भनेर व्याख्या गरेका छन्। Cull, Demirgüç-Kunt र Morduch (२००९) ले व्यावसायिकीकरणको दबाबका कारण लघुबीमा संस्थाहरू वास्तविक विपन्न वर्गभन्दा अन्य वर्गमा बढी केन्द्रित हुने जोखिम औंल्याएका छन्।

Roth, McCord र Liber (२००७) ले उल्लेख गरे अनुसार लघुबीमक सुगम र सहरी क्षेत्रमा मात्र केन्द्रित हुनु लक्ष्य विचलनको स्पष्ट सङ्केत हो भनेर अध्ययन गरेका छन्। नेपालको सन्दर्भमा पनि बागमती प्रदेशमा शाखाको बाहुल्यता रहनु र कर्णाली जस्ता दुर्गम प्रदेशमा उपस्थिति न्यून हुनुले यस सिद्धान्तलाई थप पुष्टि गर्दछ।

### २.१.४ दाबी भुक्तानी र विश्वसनीयता

लघुबीमाको सफलता बीमितको विश्वासमा निर्भर रहन्छ। Eling, Pradhan र Schmit (२०१४) ले एसियाली देशहरूको विश्लेषण गर्दै दाबी फछ्र्यौटमा हुने ढिलाइ र प्रक्रियागत जटिलतालाई अविश्वासको प्रमुख कारण मानेका छन्। उनीहरूका अनुसार दाबी अनुपात (Claims Ratio) र जनविश्वासका बीचमा प्रत्यक्ष सम्बन्ध रहन्छ। नेपालमा हालैका वर्षहरूमा दाबी भुक्तानीको परिमाणमा देखिएको वृद्धि सकारात्मक देखिए तापनि भुक्तानी प्रक्रियाको सरलीकरण र गुणस्तरमा सुधार ल्याउनु अझै पनि चुनौतीपूर्ण देखिन्छ।

Giné, Townsend र Vickery (२००८) ले भारतमा गरिएको अध्ययनमार्फत आधारभुत जोखिम (Basis Risk) को समस्या औंल्याएका छन्। यदि बीमालेखका सर्तहरू वास्तविक क्षतिसँग मेल खाँदैनन् भने बीमितको सन्तुष्टि र नवीकरण दरमा ह्रास आउँछ। यसले नेपालका लघुबीमकलाई बीमालेखको डिजाइन गर्दा वास्तविक जोखिमसँग तादात्म्य मिलाउनुपर्ने सन्देश दिन्छ।

## २.२ अन्तर्राष्ट्रिय अभ्यास र नियामक ढाँचाको तुलनात्मक अध्ययन

### २.२.१ लघुबीमाका अन्तर्राष्ट्रिय वितरण मोडेलहरु

अन्तर्राष्ट्रिय स्तरमा लघुबीमाका वितरण मोडेलहरूको वर्गीकरण र विश्लेषण Leftley र Mapfumo (२००६), Churchill (२००६) तथा Microinsurance Network का विभिन्न कार्यपत्रहरूमा विस्तृत रूपमा प्रस्तुत गरिएको पाइन्छ। यी मोडेलहरूमध्ये साझेदारी अभिकर्ता मोडेल (Partner-Agent Model) अन्तर्गत रही बीमा कम्पनीले बीमालेखको डिजाइन, जोखिम वहन, वितरण संयन्त्र निर्माण, अभिकर्ताद्वारा बिक्री र सेवा प्रवाह गर्ने पद्धति जस्ता क्रियाकलापहरु भारत, बङ्गलादेश र अफ्रिकाका धेरै देशहरूमा निकै सफल देखिएको छ। अर्कोतर्फ, Dror र Jacquier (१९९९) ले Mutual Health Organizations का रूपमा विश्लेषण गरेको समुदायमा आधारित मोडेल (Community

Based Model) मा समुदाय स्वयंले बीमा योजनाको सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्याख्या गर्दछन्। यसको सान्दर्भिकता नेपालका ग्रामीण तथा दुर्गम क्षेत्रका लागि महत्वपुर्ण हुन सक्ने देखिन्छ। यसैगरी, एउटै संस्थाले बीमालेख निर्माण, डिजाइन, वितरण र दाबी भुक्तानीका सबै कार्यहरू सम्पादन गर्ने पूर्ण सेवा मोडेल (Full Service Model) लाई नेपालका विशिष्टीकृत लघुबीमकले मूलतः अनुसरण गरिरहेका छन्। स्वास्थ्य बीमाको विशिष्ट सन्दर्भमा भने अस्पताल वा क्लिनिक आफैंले बीमा योजनाको प्रवर्धन र बिक्री गर्ने प्रदायक सञ्चालित मोडेल (Provider Driven Model) भारत र घानामा प्रभावकारी देखिएको छ। यस्तो मोडेल नेपालमा सामुदायिक स्वास्थ्य बीमाको विस्तारसँगै थप सान्दर्भिक बन्दै गएको देखिन्छ।

### २.२.२ एसियाली र अन्तर्राष्ट्रिय अनुभव

विभिन्न देशहरूले लघुबीमाको माध्यमबाट वित्तीय समावेशीकरणमा हासिल गरेका सफलताहरू नेपालका लागि महत्त्वपूर्ण पाठ हुन सक्छन्। भारतमा Raju & Bhende (२००२) एवम् Insurance Regulatory and Development Authority of India का प्रतिवेदनहरूले उल्लेख गरे अनुसार सन् २००५ मा विशेष नियमावली जारी भएपश्चात लघुबीमाको क्षेत्रमा तिव्र विस्तार भएको देखिन्छ । भारतमा विशेषगरी जनधन आधार मोबाइल (Jan Dhan Aadhar Mobile) ट्रिनिटीको प्रयोगले डिजिटल लघुबीमालाई प्रवर्द्धन गरेको देखिन्छ भने केन्द्रीयमन्त्री फसल बीमा योजना र जीवन ज्योति बीमा योजनाले सरकारी तहबाटै लघुबीमाको व्यापक विस्तार त प्रवर्द्धनलाई सुनिश्चित गरेको देखिन्छ। बङ्गलादेशको अनुभवलाई नियाल्दा, Ahmed (२०१२) ले Bangladesh Rural Advancement Committee र Grameen Bank जस्ता संस्थाहरूमार्फत भएको लघुवित्त र लघुबीमा बीचको एकीकरण लाई सफलताको मुख्य कडी मानेका छन् । नेपालसँग मिल्दोजुल्दो प्रतिव्यक्ति आम्दानी भए तापनि बङ्गलादेशको उच्च बीमा पहुँच दरको मुख्य कारण प्रभावकारी वितरण नेटवर्क नै हो। त्यसैगरी, फिलिपिन्समा Llanto (२००७) ले औंल्याए अनुसार त्यहाँको नियामक निकायले लघुबीमाका लागि छुट्टै र सरलीकृत नियमावली तयार गरिदिँदा प्रशासनिक खर्च घट्न गई नयाँ योजनाहरूको प्रवेश सहज भएको पाइन्छ। अफ्रिकी मुलुकहरू केन्या र घानामा M-Pesa जस्ता मोबाइल प्लेटफर्ममार्फत सञ्चालित कागजरहित (Paperless) बीमा सेवाले ग्रामीण क्षेत्रका किसानहरूमाझ सफलता हासिल गरेको पाइन्छ।

### २.२.३ नियामक ढाँचाको तुलनात्मक टिप्पणी

IAIS र Microinsurance Network (२००७) को संयुक्त कार्यपत्र Issues in Regulation and Supervision of Microinsurance ले लघुबीमाका लागि अनुकूल नियामक वातावरण सिर्जनाका ५ प्रमुख सिद्धान्तहरू प्रस्ताव गरेको छ।

(क) आनुपातिकता,

(ख) बजार विकास उन्मुखता,

(ग) सरोकारवाला परामर्श,

(घ) स्पष्ट परिभाषा र दायरा, र

(ङ) नियामकीय सुलभता।

Wiedmaier-Pfister र Chatterjee (२००६) ले विभिन्न देशहरूको लघुबीमा नियामक ढाँचाको तुलनात्मक अध्ययन गर्दै अत्यधिक कठोर नियमन लघुबीमा बजारको विकासमा बाधक हुन सक्छ भन्ने विश्लेषण गरेका छन्। नेपालको बीमा ऐन, २०७९ र लघुबीमा निर्देशिकाले यस विषयमा अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने प्रयास गरेको देखिन्छ।

Platteau (२००६) ले लघुबीमा नियमनमा नियामकीय उदारता (Regulatory Forbearance) को अवधारणा प्रस्तुत गर्दै नयाँ बजार स्थापनाको प्रारम्भिक चरणमा अत्यधिक नियमनले बजारको विकास अवरुद्ध गर्ने जोखिमतर्फ ध्यानाकर्षण गराएका छन्।

## २.३ नेपालमा लघुबीमाको विकास, नीतिगत संरचना र राष्ट्रिय अध्ययनहरू

### २.३.१ नेपालमा लघुबीमाको विकासक्रम

नेपालमा लघुबीमाको इतिहास लघुबीमा निर्देशिका, २०७१ बाट औपचारिक रूपमा आरम्भ भएको हो भने यसभन्दा पहिले पनि विभिन्न जीवन र निर्जीवन बीमा कम्पनीहरूले न्यून बीमाशुल्कका सरल र सुलभ बीमा योजनाहरू बजारमा ल्याउँदै आएका थिए। Ghimire (२०१६) ले नेपालका प्रारम्भिक लघुबीमा योजनाहरुको अध्ययनमा ती योजनाहरू मुख्यतः परम्परागत बीमा कम्पनीहरूका सहायक व्यवसायका रूपमा सञ्चालित रहेकाले लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुग्न नसकेको उल्लेख गरेको छ।

नेपाल राष्ट्र बैंकले अध्ययन गरेको Baseline Survey on Financial Literacy of Nepal, २०२२ ले देशको ग्रामीण जनसङ्ख्यामा बीमाको पहुँच अत्यन्त न्यून रहेको देखाएको छ। राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना (२०७६-२०८०) ले वित्तीय समावेशीकरणलाई एक रणनीतिक प्राथमिकताका रूपमा समेट्दै लघुबीमाको विस्तारलाई सामाजिक सुरक्षाको एक महत्त्वपूर्ण उपकरणका रूपमा लिईएको थियो। यसै नीतिगत निरन्तरतालाई थप सुदृढ बनाउँदै सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले समष्टिगत आर्थिक स्थायित्व र सामाजिक न्यायका लागि वित्तीय समावेशीकरण र जोखिम हस्तान्तरणको दायरा विस्तारमा विशेष जोड दिएको छ। सोह्रौं योजनाले संरचनात्मक रूपान्तरणका क्षेत्र अन्तर्गत वित्तीय क्षेत्रको सुदृढीकरण र पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत र व्यवस्थित बनाउने रणनीति अख्तियार गरेको छ।

### २.३.२ नेपालमा वित्तीय समावेशीकरण र लघुबीमाको सम्बन्ध

राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO, २०७९/८०) को नेपाल जीवनस्तर सर्वेक्षणका अनुसार नेपालमा निरपेक्ष गरिबी दर २०.२७ प्रतिशत र बहुआयामिक गरिबी दर १७.४० प्रतिशत रहेको छ। यस आर्थिक वास्तविकतालाई दृष्टिगत गर्दा नेपालमा लघुबीमाको माग र आपूर्ति बीचको अन्तर ठूलो रहेको देखाउछ। Sharma (२०२१) ले नेपालमा वित्तीय समावेशीकरण सम्बन्धी गरेको अध्ययनमा लघुबीमाको पहुँचलाई वित्तीय समावेशीकरणको मापन गर्ने एक महत्त्वपूर्ण सूचकका रूपमा प्रस्तुत गरेका छन्। Thapa (२०२०) ले नेपालमा लघुवित्त संस्थाहरू र लघुबीमाबीचको सहसम्बन्धको अध्ययन गर्दै लघुवित्त ऋणीहरूको बीमा सचेतना र योजना प्राप्त गर्ने दर गैर ऋणीहरुभन्दा उल्लेखनीय रूपमा बढी रहेको विवरण प्रस्तुत गरेका छन्। यसले नेपालमा लघुवित्त संस्थाहरूलाई लघुबीमाको प्रभावकारी वितरण माध्यमका रूपमा उपयोग गरिरहेको तथा गर्न सकिने ठोस आधार प्रदान गर्दछ। Adhikari र Timsina (२०१९) ले नेपालको ६५ प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा निर्भर भए तापनि कृषि बीमाको पहुँच न्यून रहेको र यस्तो समस्या समाधान गर्न सरकार र निजी क्षेत्रको संयुक्त लगानीको आवश्यकता रहेको निष्कर्ष निकालेका छन्। लघु निर्जीवन बीमा व्यवसायको अधिकतम हिस्सा मोटर तेस्रो पक्ष बीमामा केन्द्रित रहेकोले पोर्टफोलियो विविधिकरणको आवश्यकता रहेको देखाउछ।

### २.३.३ नेपालमा लघुबीमाको लैङ्गिक समावेशीकरण सम्बन्धी अध्ययन

लैङ्गिक समावेशीकरण र लघुबीमाको सम्बन्धमा अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा महत्त्वपूर्ण अध्ययन भएका छन्। Banthia, Johnson, McCord & Mathews (२००९) ले लघुबीमा र महिला सशक्तीकरणको सम्बन्धमा व्यापक

अध्ययन गर्दै महिलाहरू लघुबीमाका प्राथमिक लाभग्राही भए पनि तिनीहरूको बीमा खरिद निर्णयमा पुरुष सदस्यहरूको प्रभाव बढी हुने तथ्य निकालेका छन्। त्यस्तैगरी, Panda, Chakraborty & Dror (२०१६) ले भारतमा गरेको अध्ययनमा महिलाहरूले गर्ने बीमाको माग पुरुषभन्दा बढी भए तापनि आर्थिक र सामाजिक कारणले वास्तविक बीमा प्राप्ति दर कम हुने देखाएका छन्। Devereux & Sabates-Wheeler (२००४) ले लैङ्गिक परिप्रेक्ष्यमा लघुबीमाको सामाजिक सुरक्षा भूमिकाको विश्लेषण गर्दै महिलाहरूका लागि विशेष योजनाहरुको आवश्यकतालाई उजागर गरेका छन्। नेपालका लघुबीमकले मातृत्व, स्वास्थ्य, घर र कर्जा सम्बन्धी बीमालेख विकास भएमा महिला केन्द्रित पोर्टफोलियो विस्तारमा थप सहयोग पुग्ने देखिन्छ।

### २.३.४ लघुबीमा दिगोपना, व्यावसायिक मोडेल र भविष्यका चुनौती

McCord (२०१२) ले लघुबीमाको व्यावसायिक दिगोपनाको विश्लेषणमा लघुबीमकको दिगोपनाका लागि ३ प्रमुख कारकहरू पहिचान गरेका छन्

(क) पर्याप्त पोर्टफोलियो आकार (Pool Size),

(ख) दक्ष सञ्चालन प्रणाली (Operational Efficiency), र

(ग) उत्पादन बजार उपयुक्तता (Market Fit Product)।

Barneto (२०१७) ले जलवायु परिवर्तन र लघुबीमाको सम्बन्धमा अध्ययन गर्दै जलवायु परिवर्तनले सिर्जित जोखिमहरूको विविधता र तीव्रताले परम्परागत लघुबीमा योजनाहरूको पर्याप्तता माथि प्रश्न उठाएको छ। Platteau (२०१४) ले Smart Subsidies को अवधारणा प्रस्तुत गर्दै सरकारले लघुबीमा क्षेत्रमा सीमित अवधिका लागि र विशिष्ट उद्देश्यका लागि मात्र अनुदान प्रदान गरी लघुबीमाको पहुँच विस्तार गर्न सकिने तर्क गरेका छन्।

## २.४ यस अघिका अध्ययन पुनरावलोकनको सार

माथिको यस अघिका अध्ययन पुनरावलोकनबाट निम्नानुसारका मुख्य बुँदाहरू यस अध्ययनसँग प्रत्यक्ष रूपमा सम्बद्ध देखिन्छन्:

क. लघुबीमाको लक्ष्य विचलन (Mission Drift) सम्बन्धी अध्ययनले सुगम क्षेत्रमा अधिक केन्द्रित हुनु र दुर्गम क्षेत्रमा न्यून पहुँचको समस्यालाई व्याख्या गर्ने आधार प्रदान गर्दछ।

ख. वितरण मोडेलसम्बन्धी तुलनात्मक अध्ययनले साझेदारी अभिकर्ता मोडेल र लघुवित्त एकीकरणलाई विस्तार गर्नुपर्ने नीतिगत सुझाव दिन्छ।

ग. लैङ्गिक समावेशीकरण सम्बन्धी अध्ययनले उल्लेखनीय महिला सहभागितालाई अनुकरणीय उपलब्धिका रूपमा स्थापित गरेको छ।

घ. कृषि र ग्रामीण लघुबीमा सम्बन्धी अध्ययनले लघु निर्जीवन बीमाको पोर्टफोलियो विविधीकरण (मोटर बीमाको वर्चस्व घटाउँदै कृषि र लघु उद्यम बीमाको विस्तार) को आवश्यकता देखाउछ।

अध्याय ३

# लघुबीमा क्षेत्रको विद्यमान अवस्था

हाल नेपालमा लघु जीवन बीमा तर्फ ३ वटा र लघु निर्जीवन बीमा तर्फ ४ वटा गरी कुल ७ वटा लघुबीमक सञ्चालनमा रहेका छन्। नेपालको संघीय संरचना अनुरूप बीमाको पहुँच विस्तार गर्ने उद्देश्यका साथ प्रादेशिक रूपमा केन्द्रीय कार्यालय रहने गरी लघु बीमकको उपस्थिति रहेको छ। यस अध्यायमा लघुबीमकको स्थापना, पूँजी संरचना, शाखा र जनशक्ति विस्तार, बीमालेखको प्रकृति, लघुबीमाको कारोबार विश्लेषण, लैङ्गिक समावेशीकरण र दाबी भुक्तानीको अवस्थालाई प्रस्तुत गरिएको छ।

## ३.१ लघुबीमकको स्थापना र पूँजी संरचना

### ३.१.१ लघुबीमकको स्थापना

नेपालको प्रत्येक प्रदेशमा केन्द्रीय कार्यालय रहने गरी लघुबीमा कम्पनी स्थापना भएका छन्।

*तालिका १ लघुबीमकको स्थापना विवरण*

| क्र.सं. | स्थापना मिति | बीमकको नाम | किसिम | प्रदेश | केन्द्रीय कार्यालय | सम्पर्क कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | २०७९/१२/२७ | गार्डियन माईक्रो लाईफ इन्स्योरेन्स लि. | लघु जीवन | कोशी | विराटनगर, मोरङ | सानो गौचरन, काठमाडौं |
| २ | २०७९/१२/२७ | नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लि. | लघु निर्जीवन | बाग्मती | भरतपुर, चितवन | गैरीधारा, काठमाडौं |
| ३ | २०७९/१२/२७ | क्रेस्ट माईक्रो लाईफ इन्स्योरेन्स लि. | लघु जीवन | कर्णाली | वीरेन्द्रनगर, सुर्खेत | गुसिंगाल, ललितपुर |
| ४ | २०७९/१२/२८ | प्रोटेक्टिभ माईक्रो इन्स्योरेन्स लि. | लघु निर्जीवन | सुदूरपश्चिम | धनगढी, कैलाली | गुसिंगाल, ललितपुर |
| ५ | २०८०/०५/०१ | स्टार माईक्रो इन्स्योरेन्स कम्पनी लि. | लघु निर्जीवन | मधेस | जनकपुर, धनुषा | दरबारमार्ग, काठमाडौं |
| ६ | २०८०/०५/०१ | लिबर्टी माईक्रो लाईफ इन्स्योरेन्स लि. | लघु जीवन | गण्डकी | पोखरा, कास्की | त्रिपुरेश्वर, काठमाडौं |
| ७ | २०८०/०७/१५ | ट्रस्ट माईक्रो इन्स्योरेन्स लि. | लघु निर्जीवन | लुम्बिनी | बुटवल, रुपन्देही | कमलपोखरी, काठमाडौं |

*स्रोत नेपाल बीमा प्राधिकरण (२०८३) । लि. = लिमिटेड*

### ३.१.२ लघुबीमकको पूँजी संरचना

प्राधिकरणले नेपालमा सञ्चालित लघुबीमकको न्यूनतम चुक्ता पूँजी रु. ७५ करोड तोकेको छ। यद्यपि, वित्तीय क्षमता र जोखिम वहन गर्ने सामर्थ्य पूँजीमा मात्र निर्भर नरही कम्पनीहरूको व्यावसायिक विस्तार, बजार हिस्सा, सञ्चित नाफा वा घाटा, जोखिम व्यवस्थापन, संस्थागत सुशासन जस्ता तत्वहरूले फरक पारेको हुन्छ। प्राथमिक सेयर निष्कासन (IPO) को सन्दर्भमा गार्डियन माईक्रो लाईफ, नेपाल माईक्रो इन्स्योरेन्स र क्रेस्ट माईक्रो लाईफले सर्वसाधारणका लागि सेयर निष्कासन गरिसकेका छन् भने बाँकीले प्राथमिक सेयर निष्कासन जारी गरेका छैनन्।

*तालिका २ लघुबीमकको पूँजी संरचना*

| क्र.सं. | प्रदेश | बीमकको नाम | केन्द्रीय कार्यालय | हालको चुक्ता पूँजी | कायम गर्नुपर्ने चुक्ता पूँजी | IPO जारी |
|---|---|---|---|---|---|---|
| १ | कोशी | गार्डियन माईक्रो लाईफ ई. लि. | विराटनगर | रु. ७५ करोड | रु. ७५ करोड | भएको |
| २ | मधेश | स्टार माईक्रो ई. क. लि. | जनकपुर | रु. ५२.५० करोड | रु. ७५ करोड | नभएको |
| ३ | बाग्मती | नेपाल माईक्रो ई. क. लि. | भरतपुर | रु. ७५ करोड | रु. ७५ करोड | भएको |
| ४ | गण्डकी | लिबर्टी माईक्रो लाईफ ई. लि. | पोखरा | रु. ५२.५० करोड | रु. ७५ करोड | नभएको |
| ५ | लुम्बिनी | ट्रस्ट माईक्रो ई. लि. | बुटवल | रु. ५२.५० करोड | रु. ७५ करोड | नभएको |
| ६ | कर्णाली | क्रेस्ट माईक्रो लाईफ ई. लि. | बिरेन्द्रनगर | रु. ७५ करोड | रु. ७५ करोड | भएको |
| ७ | सुदूरपश्चिम | प्रोटेक्टिभ माईक्रो ई. लि. | धनगढी | रु. ५२.५० करोड | रु. ७५ करोड | नभएको |

सर्वसाधारणमा सेयर निष्कासन गरिसकेका कम्पनीहरूमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र संस्थागत सुशासन बलियो हुने मान्यता रहेको छ भने सर्वसाधारणमा सेयर निष्कासन नगरेका कम्पनीहरूमा संस्थापक सेयरधनीको एकाधिकार रहने हुँदा दीर्घकालमा संस्थागत सुशासन र पारदर्शिताका दृष्टिले नियामकीय चुनौतीहरू सिर्जना हुन सक्ने अवस्था रहन्छ।

## ३.२ शाखा कार्यालय तथा मानव संसाधनको अवस्था

आर्थिक वर्ष २०७९/८० मा लघुबीमकको शाखा सङ्ख्या ३ वटा मात्र रहेकोमा आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्मको अवधिमा लघुबीमकको शाखा सङ्ख्या बढेर २०९ पुगेको छ। शाखा सञ्जालको तिव्र विस्तारसँगै संस्थागत कार्यसम्पादन र सेवा प्रवाहलाई व्यवस्थित बनाउन सोही अवधिमा कुल कर्मचारी सङ्ख्या समेत २८ बाट बढेर ६४० पुगेको देखिन्छ। यस तथ्याङ्कले लघुबीमा क्षेत्रले बजारमा आफ्नो उपस्थिति बलियो बनाउँदै ठूलो सङ्ख्यामा रोजगारीका अवसरहरू समेत सिर्जना गरेको पुष्टि गर्दछ।

*तालिका ३ लघुबीमकको शाखा तथा कर्मचारी सङ्ख्या*

| क.स. | बीमकको नाम | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ (फागुन) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शाखा | कर्म. | शाखा | कर्म. | शाखा | कर्म. | शाखा | कर्म. |
| १ | गार्डियन माईक्रो लाईफ | - | - | २४ | ५६ | २६ | ६१ | २६ | ७३ |
| २ | क्रेस्ट माईक्रो लाईफ | २ | १७ | २३ | ६६ | २३ | ६७ | २३ | ८२ |
| ३ | लिबर्टी माईक्रो लाईफ | - | - | ९ | ३८ | १४ | ५८ | २२ | ७० |
| ४ | नेपाल माईक्रो | - | - | २२ | ६४ | २३ | ८९ | २४ | ९३ |
| ५ | प्रोटेक्टिभ माईक्रो | १ | ११ | २७ | ७७ | ३३ | ९६ | ३९ | १०८ |
| ६ | स्टार माईक्रो | - | - | २७ | ७५ | ४५ | ११४ | ४५ | ११९ |
| ७ | ट्रस्ट माईक्रो | - | - | २९ | ६३ | २९ | ८२ | ३० | ९५ |
| | **जम्मा** | ३ | २८ | १६१ | ४३९ | १९३ | ५६७ | २०९ | ६४० |

*स्रोत नेपाल बीमा प्राधिकरण (२०८३) । कर्म. = कर्मचारी ।*

त्यस्तै गरी, लघुबीमकको प्रदेशगत शाखा तथा कर्मचारीहरुको अवस्था देहाय बमोजिम रहेको छ।

*तालिका ४ प्रदेशगत शाखा तथा कर्मचारी वितरण (आ.व. २०८२/८३ फागुन सम्म)*

| क.सं. | प्रदेश | शाखा (जीवन) | कर्म. (जीवन) | शाखा (निर्जीवन) | कर्म. (निर्जीवन) | जम्मा शाखा |
|---|---|---|---|---|---|---|
| १ | बाग्मती प्रदेश | १० | ८४ | ३६ | १५८ | ४६ |
| २ | गण्डकी प्रदेश | ११ | २० | ९ | १९ | २० |
| ३ | कर्णाली प्रदेश | ७ | १९ | ६ | १४ | १३ |
| ४ | कोशी प्रदेश | १२ | २६ | २५ | ६२ | ३७ |
| ५ | लुम्बिनी प्रदेश | १४ | ३६ | २५ | ७६ | ३९ |
| ६ | मधेश प्रदेश | ११ | १९ | २२ | ५१ | ३३ |
| ७ | सुदूरपश्चिम प्रदेश | ६ | १९ | १५ | ३७ | २१ |
| | **जम्मा** | ७१ | २२३ | १३८ | ४१७ | २०९ |

स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)

*चार्ट १ लघुबीमकको प्रदेशगत शाखा उपस्थितिको हिटम्याप*

| प्रदेश | जीवन | | | निर्जीवन | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्रेष्ट | गार्डियन | लिबर्टी | नेपाल | प्रोटेक्टिभ | स्टार | ट्रस्ट | | |
| बाग्मती | ५ | ४ | १ | ९ | ७ | १० | १० | ४६ | २२.०१% |
| गण्डकी | १ | ३ | ७ | ३ | २ | २ | २ | २० | ९.५७% |
| कर्णाली | ५ | १ | १ | - | २ | २ | २ | १३ | ६.२२% |
| कोशी | २ | ६ | ४ | ५ | ८ | ७ | ५ | ३७ | १७.७०% |
| लुम्बिनी | ४ | ७ | ३ | ३ | ९ | ९ | ४ | ३९ | १८.६६% |
| मधेश | ३ | ४ | ४ | २ | ५ | ११ | ४ | ३३ | १५.७९% |
| सुदूरपश्चिम | ३ | १ | २ | २ | ६ | ४ | ३ | २१ | १०.०५% |
| जम्मा | २३ | २६ | २२ | २४ | ३९ | ४५ | ३० | २०९ | १००.००% |

लघुबीमकको प्रादेशिक अवस्थितिलाई विश्लेषण गर्दा कुल शाखा सङ्ख्याको सबैभन्दा बढी २२.०१ प्रतिशत शाखा बाग्मती प्रदेशमा केन्द्रित भएको देखिन्छ भने भौगोलिक रूपमा विकट र दुर्गम मानिएको कर्णाली प्रदेशमा सबैभन्दा कम ६.२२ प्रतिशत मात्र शाखा विस्तार भएको देखिन्छ।

गार्डियन माइक्रो इन्स्योरेन्सको तोकिएको प्रदेश कोशी भन्दा लुम्बिनी प्रदेशमा बढी शाखा, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सको तोकिएको प्रदेश सुदुरपश्चिम भन्दा लुम्बीनी, कोशी तथा बाग्मती प्रदेशमा बढी शाखा, ट्रस्ट माइक्रो इन्स्योरेन्सको तोकिएको प्रदेश लुम्बीनी भन्दा २.५ गुणा बाग्मती प्रदेशमा बढी शाखा, नेपाल माईक्रो इन्स्योरेन्स लिमिटेडको कर्णाली प्रदेशमा हालसम्म एउटा पनि शाखा नहुनु गम्भीर विषय रहेको देखिन्छ।

तथ्याङ्कको विश्लेषण गर्दा अधिकांश कम्पनीहरूले बाग्मती, लुम्बिनी र कोशी जस्ता आर्थिक रूपले सम्पन्न प्रदेशहरूमा शाखा विस्तारमा प्राथमिकता दिएको देखिन्छ। स्टार माईक्रो इन्स्योरेन्सको मधेस प्रदेशमा मात्रै ११ वटा शाखा (सबैभन्दा बढी केन्द्रीकरण) रहेको छ भने नेपाल माईक्रो इन्स्योरेन्सले कर्णाली प्रदेशमा हालसम्म एउटा पनि शाखा स्थापना गरेको छैन। यसले लघुबीमाको मूल मर्म अनुसार न्यून आय भएका र ग्रामीण क्षेत्रका नागरिकमा बीमाको पहुँच विस्तार गर्न कम्पनीको उपस्थिति हुनु पर्नेमा तुलनात्मक रूपमा सुगम र आर्थिक रूपले सम्पन्न भएका प्रदेशहरूमा बढी केन्द्रित रहेको देखाउँछ। आगामी दिनमा कर्णाली र सुदूरपश्चिम जस्ता वित्तीय पहुँचका साथै भौगोलिक हिसाबले दुर्गम क्षेत्रहरूमा शाखा खोल्न नियामक निकायले थप हस्तक्षेपकारी नीति लिनुपर्ने देखिन्छ।

*चार्ट २ लघुबीमकको प्रदेशगत शाखा र कर्मचारी*




माथि उल्लेखित चार्ट अनुसार लघुबीमकको प्रदेशगत शाखा र कर्मचारी सङ्ख्याको अवस्थितिलाई विश्लेषण गर्दा शाखा कार्यालय र मानव संसाधनको वितरणमा प्रादेशिक असन्तुलन देखिन्छ। कुल २०९ शाखा र ६४० कर्मचारीमध्ये सबैभन्दा बढी केन्द्रीकरण बाग्मती प्रदेशमा रहेको छ। गण्डकी प्रदेश र विशेष गरी विकट कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा सबै प्रदेशको शाखा सङ्ख्याको औसत भन्दा तल रहेको छ।

साथै, बाग्मती प्रदेशमा शाखा सङ्ख्याको तुलनामा कर्मचारीको सङ्ख्या बढी देखिन्छ। यस परिदृश्यले लक्षित वर्गमा सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्ति अझै पनि बाग्मती प्रदेश विशेष गरी काठमाडौं उपत्यकामा केन्द्रित रहेकाले ग्रामीण र दुर्गम क्षेत्रमा जनशक्तिको यथोचित परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

## ३.३ लघुबीमा अन्तर्गत प्रचलनमा रहेका बीमालेखहरु

प्राधिकरणबाट जारी लघुबीमा निर्देशिका, २०७९ बमोजिम लघुबीमकले न्यून आय भएका र ग्रामीण क्षेत्रका लक्षित वर्गलाई समेट्ने गरी बीमकले आफैं तयार पारी प्राधिकरणबाट स्वीकृति लिएको बीमालेख तथा प्राधिकरणले जारी गरेको स्तरीकृत बीमालेख हाल प्रचलनमा रहेका छन्।

### क. बीमकले आफैं तयार पारी प्राधिकरणबाट स्वीकृत लिएका बीमालेखः

बजारको माग, जनचाहना, भौगोलिक आवश्यकता तथा व्यावसायिक सम्भाव्यतालाई आधार मानी लघुबीमकले नयाँ बीमालेख तयार गर्न सक्छन। यस्ता बीमालेख प्रचलनमा ल्याउनु अघि प्राधिकरणबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेको छ। हालसम्म निम्न तालिका बमोजिमका बीमालेख जारी भएका छन्ः-

*तालिका ५ बीमकद्वारा तयार गरी प्राधिकरणबाट स्वीकृत बीमालेख*

| लघु जीवन बीमा तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | बीमकको नाम | बीमालेखको नाम | कैफियत |
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | गार्डियन म्यादी जीवन लघु बीमालेख, | |
| २ | | गार्डियन सामुहिक म्यादी जीवन लघुबीमालेख, | |
| ३ | | क) दुर्घटना मृत्यु लाभ पुरक करार योजना<br>ख) दुर्घटना पुर्ण र स्थायी अशक्तता पुरक योजना<br>ग) दुर्घटना लाभ पुरक योजना | पुरक करार |
| ४ | | दिर्घायु बचत (सावधिक) लघु जीवन बीमा योजना, | |
| ५ | | साना बचत लघु जीवन बीमा योजना) | |
| ६ | | बीमा शुल्क छुट पुरक करार योजना | |
| ७ | | मासिक आय सुविधा पुरक करार | |
| ८ | | बाल समृद्ध लघुबीमा योजना | |
| ९ | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | सि.एम.एल म्यादी बीमा योजना, | |
| १० | | सि.एम.एल. सावधिक लघु जीवन बीमा योजना, | |
| ११ | | क) सि.एम.एल. बीमा शुल्क छुट पुरक योजना<br>ख) दुर्घटना पुर्ण र स्थायी अशक्तता पुरक योजना<br>ग) दुर्घटना मृत्यु लाभ पुरक करार योजना | पुरक करार |
| १२ | | समृद्ध लघु जीवन बीमा योजना | |
| १३ | | समृद्ध बाल बचत लघु जीवन बीमा योजना | |
| १४ | | समृद्ध अग्रिम भुक्तानी लघु बीमा योजना | |
| १५ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | समृद्ध कवच म्यादी लघु जीवन बीमालेख, | |
| १६ | | समृद्ध भविष्य लघु जीवन बीमालेख, | |
| १७ | | सामुहिक म्यादी लघुबीमालेख, | |
| १८ | | क) सामुहिक पुरक कराररहरु,<br>ख) सामुहिक दुर्घटनात्मक औषधी उपचार खर्च<br>ग) दुर्घटना पुर्ण र स्थायी अशक्तता पुरक योजना<br>घ) दुर्घटना मृत्यु लाभ पुरक करार योजना | पुरक करार |

| | | | |
|---|---|---|---|
| १९ | | बीमाशुल्क छुट पुरक करार | |
| २० | | ग्रामीण सामुहिक म्यादी लघुबीमा | |
| २१ | | सुरक्षित बाल भविष्य योजना | |
| लघु निर्जीवन बीमा तर्फ | | | |
| २२ | नेपाल माईक्रो इन्स्योरेन्स लिमिटेड | विद्यार्थी सुरक्षा योजना | |
| २३ | | कर्पोरेट सुरक्षा लघुबीमा | |

माथिको तालिका अनुसार बीमकले बीमालेख तयार गरी प्राधिकरणबाट स्वीकृति लिने कार्यमा लघु निर्जीवन बीमकको तुलनामा लघु जीवन बीमक बढी सक्रिय रहेको देखिन्छन्। प्राधिकरणबाट स्वीकृति लिएका कुल २३ वटा बीमालेख मध्ये लघु जीवन बीमकका २१ वटा र लघु निर्जीवन बीमकका २ वटा बीमालेख प्रचलनमा रहेका छन्। लघु जीवन बीमालेख मुख्य रूपमा म्यादी बीमालेखमा केन्द्रित रहेको देखिन्छ भने पुरक करारको हकमा दुर्घटना मृत्यु लाभ पुरक करार र स्थायी पुर्ण अशक्तता पुरक करार प्रचलनमा रहेका छन्। लघु निर्जीवन बीमा तर्फ नेपाल माईक्रो इन्स्योरेन्स लिमिटेडले मात्र विद्यार्थी सुरक्षा योजना र कर्पोरेट सुरक्षा लघुबीमा योजना गरी दुई वटा विशिष्टीकृत बीमालेख प्रचलनमा ल्याएको देखिन्छ। यस परिदृश्यले लघु जीवन बीमा तर्फ ग्राहकको आवश्यकता र जोखिम विविधीकरणका योजनाहरू सञ्चालनमा आएको देखाउछ। अन्तर्राष्ट्रिय रूपमा सफल भएका बण्डल बीमालेख योजनाहरू लघु बीमकले विकास गर्नुपर्ने देखिन्छ भने लघु निर्जीवन बीमा क्षेत्रमा भौतिक सम्पत्ति, व्यवसाय र कृषिजन्य जोखिमहरू समेट्ने गरी थप नविन प्रकृतिका बीमालेखको विकास र विस्तार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ख. प्राधिकरणले जारी गरेको स्तरीकृत बीमालेखः

न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्ग तथा समुदायलाई वित्तीय मूलप्रवाहीकरणमा समावेश गराउन, लघुबीमा सेवामा एकरूपता ल्याउन, प्रक्रियालाई सरल बनाउन, लघुबीमाको पहुँच बढाउन र सर्वसाधारणको लघुबीमाको माध्यमबाट जोखिम रक्षावरण गर्न प्राधिकरणले स्तरीकृत बीमालेख तयार गरी जारी गर्ने गर्दछ। हाल सम्म प्राधिकरणबाट तयार भएका स्तरीकृत बीमालेख देहाय बमोजिम रहेका छन्ः-

*तालिका ६ प्राधिकरणद्वारा जारी स्तरीकृत बीमालेख*

| लघु निर्जीवन बीमा तर्फ | |
|---|---|
| **क्र.सं.** | **बीमालेखको नाम** |
| १ | सम्पत्ति लघुबीमालेख |
| २ | घर लघुबीमालेख |
| ३ | सैंधमारी लघुबीमालेख |
| ४ | दुर्घटना लघुबीमालेख |
| ५ | अस्पताल भर्ना लघुबीमालेख |

माथि उल्लेख भएका बीमालेखका अतिरिक्त प्राधिकरणबाट तीन वटा स्तरीकृत बीमालेख जारी हुने चरणमा रहेका छन्।

## ३.४ तालिम, सामाजिक उत्तरदायित्व र जन चेतना कार्यक्रम

लघुबीमकको स्थापनाकाल देखि आ.व. २०८२/८३ को फागुन मसान्तसम्मको अवधिमा जनचेतनामूलक कार्यक्रममा रू. ४.५५ लाख, क्षमता विकास कार्यक्रममा रू. ७८.१९ लाख र सामाजिक उत्तरदायित्व वहनका रू. ९.६१ लाख गरी लघुबीमकबाट करिब रु. ९२ लाख खर्च भएको देखिन्छ।

*तालिका ७ लघु बीमकले तालिम, सामाजिक उत्तरदायित्व र जनचेतनामा गरेको कुल खर्च*

| क्र.स. | बीमकको नाम | कुल खर्च (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | गार्डियन माईक्रो लाईफ ई. लि. | रु. २३,६०,५८९ | २६% |
| २ | क्रेस्ट माईक्रो लाईफ ई. लि. | रु. १३,९६,२६४ | १५% |
| ३ | लिबर्टी माईक्रो लाईफ ई. लि. | रु. १६,५२,६५६ | १८% |
| ४ | नेपाल माईक्रो ई. क. लि. | रु. ७,८९,०२०.७५ | ९% |
| ५ | प्रोटेक्टिभ माईक्रो ई. लि. | रु. १३,७०,५३१ | १५% |
| ६ | स्टार माईक्रो ई. क. लि. | रु. ६,२७,०१६ | ७% |
| ७ | ट्रस्ट माईक्रो ई. लि. | रु. १०,४०,४४३.९३ | ११% |
| | जम्मा | रु. ९२,३६,५२०.४५ | १००% |

| बीमक | सामाजिक उत्तरदायित्व | प्रतिशत | जनचेतनामुलक कार्यक्रम | प्रतिशत | तालिम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जीवन | ५९९,००५.०० | ६२.३२% | - | ०.००% | ४,८१०,५०३.७७ | ६१.५२% |
| निर्जीवन | ३६२,१६८.६८ | ३७.६८% | ४५५,५३२.०० | १००.००% | ३,००९,३११.०० | ३८.४८% |
| कुल | ९६१,१७३.६८ | १००.००% | ४५५,५३२.०० | १००.००% | ७,८१९,८१४.७७ | १००.००% |

*स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)*

माथि उल्लेखित तालिका अनुसार जीवन बीमकले सामाजिक उत्तरदायित्व र तालिम खर्चमा निर्जीवन बीमकको तुलनामा बढी खर्च गरेको देखिन्छ भने जनचेतनामुलक कार्यक्रममा कुनै पनि खर्च गरेको देखिदैन। कुल खर्च मध्ये सबैभन्दा बढी २६ प्रतिशत खर्च गार्डियन माइक्रोले खर्च गरेको देखिन्छ भने त्यस पछि लिबर्टी माईक्रो लाईफले १८ प्रतिशत र क्रेस्ट माईक्रो लाईफले १५ प्रतिशत खर्च गरेको देखिन्छ।

## ३.५ लघुबीमकसँग आवद्ध अभिकर्ता

*तालिका ८ लघु बीमा अभिकर्ता*

| क्र.स. | अभिकर्ताको श्रेणी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यक्तिगत अभिकर्ता (जीवन) | ४,५२५ | ९५.५५% |
| २ | व्यक्तिगत अभिकर्ता (निर्जीवन) | १६२ | ३.४२% |
| ३ | संस्थागत अभिकर्ता (जीवन) | ४८ | १.०१% |
| ४ | संस्थागत अभिकर्ता (निर्जीवन) | १ | ०.०२% |
| | जम्मा | ४,७३६ | १००% |

| | | | |
|---|---|---|---|
| लघु जीवन | ४,६८७ | व्यक्तिगत अभिकर्ता | ४,५७३ |
| लघु निर्जीवन | ४९ | संस्थागत अभिकर्ता | १६३ |
| कुल | ४,७३६ | कुल | ४,७३६ |

*स्रोत नेपाल बीमा प्राधिकरण, मध्यस्थकर्ता शाखा (२०८२)*

हाल सम्म लघुबीमा अभिकर्ताको कुल सङ्ख्या ४,७३६ रहेको छ। लघु बीमकमा कुल अभिकर्तामध्ये संस्थागत अभिकर्ताको तुलनामा व्यक्तिगत अभिकर्ताको सङ्ख्या बढि रहेको छ भने निर्जीवन लघुबीमा अभिकर्ताको तुलनामा लघु जीवन बीमा तर्फका अभिकर्ताको सङ्ख्या उल्लेखनीय रहेको छ।

## ३.६ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको लघुबीमा व्यवसाय

### ३.६.१ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको कुल लघुबीमा बीमाशुल्क संकलन

*तालिका ९ जीवन बीमकको लघु बीमाशुल्क संकलन*

रकम रु. दश लाखमा

| कुल बीमाशुल्क संकलन | आ.व. ७९/८० | आ.व. ८०/८१ | आ.व. ८१/८२ | आ.व. ८२/८३ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सावधिक (Endowment) | २३६.११ | १४६.९१ | १७९.२२ | ३३७.८१ | ९००.०४ | १०.१% |
| म्यादी (Term) | १,६६६.२९ | १,८९६.५० | १,५०७.७८ | ८०७.५२ | ५,८७८.०९ | ६६.३% |
| अन्य (Other) | ५३५.८० | ६२३.६० | ६२५.२० | २९३.९६ | २,०७८.५५ | २३.४% |
| कुल | २४३८.२ | २६६७ | २३१२.२ | १४३९.३ | ८,८५६.७ | १००% |

लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकले गरेको लघु जीवन बीमा व्यवसाय अन्तर्गत आ.व. २०७९/८० देखि आ.व. २०८२/८३ सम्मको कुल बीमाशुल्क संकलनको प्रवृत्ति विश्लेषण गर्दा बजारमा म्यादी लघुबीमाको हिस्सा अत्यधिक बढी देखिएको छ। समीक्षा अवधिभर संकलन भएको कुल बीमाशुल्क मध्ये म्यादी लघुबीमाको हिस्सा ६६.३ प्रतिशत र अन्य बीमाको हिस्सा २३.४ प्रतिशत रहेकोमा दीर्घकालीन र बचत प्रकृतिको सावधिक लघुबीमाको हिस्सा १०.१ प्रतिशत रहेको देखिन्छ।

*चार्ट ३ जीवन बीमकको लघुबीमाशुल्क संकलन*




बजारको मुख्य हिस्सा ओगटेको म्यादी लघुबीमा आ.व. २०८०/८१ मा उच्चतम रहेको देखिन्छ भने अन्य लघुबीमा स्थिर गतिमा रहेको देखिन्छ। त्यस्तैगरी, सुरुवाती वर्षहरूमा सुस्त गतिमा रहेको सावधिक लघुबीमा आ.व. २०८२/८३ मा बढेको देखिन्छ।

### ३.६.२ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य जीवन बीमकको लघुबीमा कारोवारमा औसत प्रति बीमित बीमाशुल्क

*चार्ट ४ औसत प्रति बीमित बीमाशुल्क रकम*



माथि उल्लेखित चार्टमा चार वर्षको लघु जीवन बीमालेखको प्रति बीमित औसत बीमाशुल्कको प्रवृत्ति प्रस्तुत गरिएको छ। बजारमा सबैभन्दा महँगो प्रकृतिको बीमालेख सावधिक बीमालेखको औसत बीमाशुल्क सुरुवाती वर्षमा केही बढेर रु. ३,६०५ पुगे तापनि पछिल्ला दुई वर्षमा स्थिर हुँदै झन्डै रु. १,२८० को आसपासमा कायम भएको देखिन्छ। सबै भन्दा बढी बजार हिस्सा रहेको म्यादी बीमालेखको सङ्ख्या बढ्दै गएको कारण पछिल्ला वर्षहरुमा औसत बीमाशुल्क रकम घट्दै गएको देखिन्छ।

## ३.७ लघु जीवन बीमकको कारोबार

### ३.७.१ आ.व. २०७९/८० को कारोबार

आ.व. २०७९/८० मा गार्डियन माईक्रो लाईफ इन्स्योरेन्स र क्रेस्ट माईक्रो लाईफ इन्स्योरेन्सको कारोबार शुरुवात भई कुल जारी बीमालेख सङ्ख्या २१९, प्रथम बीमाशुल्क संकलन रु. २ लाख र कुल बीमाङ्क रकम रु. ६.३१ करोड रहेको थियो।

*तालिका १० आ.व. २०७९/८० को लघु जीवन बीमा कारोबार*

| क्र.स. | बीमकको नाम | जारी बीमालेख | बीमाशुल्क (रु.) | बीमाङ्क रकम (रु.) |
|---|---|---|---|---|
| १ | क्रेस्ट माईक्रो लाईफ | ९२ (४२%) | ६३,८२८ | १,७०,५४,००० |
| २ | गार्डियन माईक्रो लाईफ | १२७ (५८%) | १,४१,२६७ | ४,६०,१०,००० |
| | जम्मा | २१९ (१००%) | २,०५,०९५ | ६,३०,६४,००० |

*स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)*

आ.व. २०७९/८० मा लघु जीवन बीमा तर्फ कुल बीमालेख २ सय १९ सङ्ख्या मध्ये क्रेस्ट माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ४२ प्रतिशत र गार्डियन माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ५८ प्रतिशत हिस्सा रहेको थियो।

### ३.७.२ आ.व. २०८०/८१ को कारोबार

आ.व. २०८०/८१ मा गत आ.व.को अतिरिक्त लिबर्टी माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेड पनि लघुबीमा बजारमा थपिई कुल जारी बीमालेख सङ्ख्या १ लाख, प्रथम बीमाशुल्क संकलन रु. १६.९६ करोड र बीमाङ्क रकम रु. १६.६४ अर्ब पुगेको थियो।

*तालिका ११ आ.व. २०८०/८१ को लघु जीवन बीमा कारोबार*

| क्र.स. | बीमकको नाम | बीमालेख सङ्ख्या | सावधिक | म्यादी | प्रथम बीमाशुल्क (रु.) | जम्मा बीमाङ्क (रु.) |
|---|---|---|---|---|---|---|
| १ | क्रेस्ट माईक्रो (५६.२५%) | ५८,७७४ | १,०२९ | ५७,७४५ | ९.७५ करोड | ९.३८ अर्ब |
| २ | गार्डियन माईक्रो (२९.४५%) | ३०,७७३ | ४८३ | ३०,२९० | ४.२२ करोड | ४.८६ अर्ब |
| ३ | लिबर्टी माईक्रो (१४.२९%) | १४,९३३ | १,४९९ | १३,४३४ | २.९९ करोड | २.३९ अर्ब |
| | जम्मा (१००%) | १,०४,४८० | ३,०११ | १,०१,४६९ | १६.९६ करोड | १६.६४ अर्ब |

स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)

आ.व. २०८०/८१ मा लघु जीवन बीमा तर्फ कुल बीमालेख १ लाख ४ हजार ४ सय ८० सङ्ख्या मध्ये क्रेस्ट माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ५६.२५ प्रतिशत, गार्डियन माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको २९.४५ प्रतिशत र लिबर्टी माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको १४.२९ प्रतिशत हिस्सा रहेको थियो।

### ३.७.३ आ.व. २०८१/८२ को कारोबार

आ.व. २०८१/८२ मा कारोबारमा उल्लेखनीय वृद्धि भई कुल जारी बीमालेख १७ लाख पुगी प्रथम बीमाशुल्क संकलन रु. ८१.३४ करोड र बीमाङ्क रकम रु. १.२२ खर्ब पुगेको थियो।

*तालिका १२ आ.व. २०८१/८२ को लघु जीवन बीमा कारोबार*

| क्र.सं. | बीमकको नाम | बीमालेख सङ्ख्या | प्रथम शुल्क (रु.) | बीमाङ्क (रु.) |
|---|---|---|---|---|
| १ | क्रेस्ट माईक्रो (२२.०५%) | ३,८२,८९१ | ३०.४० करोड | ३,०९३.४५ करोड |
| २ | गार्डियन माईक्रो (६६.८४%) | ११,६०,६६४ | ३१.२६ करोड | ६,३०३.०५ करोड |
| ३ | लिबर्टी माईक्रो (११.१०%) | १,९२,८९४ | १९.६८ करोड | २,८१५.५८ करोड |
| | जम्मा (१००%) | १७,३६,४४९ | ८१.३४ करोड | १,२२,२१२.०८ करोड |

स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)

आ.व. २०८१/८२ मा लघु जीवन बीमा तर्फ कुल १७ लाख ३६ हजार ४ सय ४९ बीमालेख सङ्ख्या मध्ये क्रेस्ट माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको २२.०५ प्रतिशत, गार्डियन माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ६६.८४ प्रतिशत र लिबर्टी माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ११.१० प्रतिशत हिस्सा रहेको थियो। त्यस्तैगरी, बीमालेखको (Portfolio Wise) विश्लेषण गर्दा कुल १७ लाख ३६ हजार ४ सय ४९ मध्ये Anticipated Micro Life Insurance Policy तर्फ ८५ सङ्ख्या (०.००४ प्रतिशत), Child Micro Life Insurance Policy तर्फ ७७६ सङ्ख्या (०.०४४ प्रतिशत), Endowment Micro Life Insurance Policy तर्फ ५,८२३ सङ्ख्या (०.३३ प्रतिशत), Foreign Employment Micro Life Insurance Policy तर्फ ११,८०९ सङ्ख्या (०.६८ प्रतिशत), Other Micro Life Insurance तर्फ ५६ सङ्ख्या (०.००३ प्रतिशत), Term Micro Life Insurance Policy तर्फ १७,१७,९०० सङ्ख्या (९८.९३ प्रतिशत) हिस्सा रहेको थियो।

### ३.७.४ आ.व. २०८२/८३ (फागुन) सम्मको कारोबार

आ.व. २०८२/८३ को फागुन मसान्तसम्म कुल जारी बीमालेख सङ्ख्या १५ लाख रहेकोमा प्रथम बीमाशुल्क संकलन रु. ८५.९५ करोड र कुल बीमाङ्क रकम रु. २ खर्ब ५५ अर्बभन्दा बढी पुगेको छ।

*तालिका १३ आ.व. २०८२/८३ (फागुन) सम्मको लघु जीवन बीमा कारोबार*

| क्र.सं. | बीमकको नाम | बीमालेख सङ्ख्या | प्रथम शुल्क (रु.) | बीमाङ्क (रु.) |
|---|---|---|---|---|
| १ | क्रेस्ट माईक्रो (२०.०४%) | ३,०७,०४४ | २७.२७ करोड | १.१२ खर्ब |
| २ | गार्डियन माईक्रो (५४.०८%) | ८,२८,४४२ | २४.४८ करोड | ६६.४४ अर्ब |
| ३ | लिबर्टी माईक्रो (२५.८७%) | ३,९६,३२८ | ३४.२१ करोड | ७६.८८ अर्ब |
| | जम्मा (१००%) | १५,३१,८१४ | ८५.९५ करोड | २.५५ खर्ब |

*स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)*

आ.व. २०८२/८३ को आठ महिनामा लघु जीवन बीमा तर्फ कुल बीमालेख १५ लाख ३१ हजार ८ सय १४ सङ्ख्या मध्ये क्रेस्ट माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको २०.०४ प्रतिशत, गार्डियन माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको ५४.०८ प्रतिशत र लिबर्टी माईक्रो लाईफ ईन्स्योरेन्स लिमिटेडको २५.८७ प्रतिशत हिस्सा रहेको छ। त्यस्तैगरी, बीमालेखको (Portfolio Wise) विश्लेषण गर्दा १५ लाख ३१ हजार ८ सय १४ मध्ये Anticipated Micro Life Insurance Policy तर्फ ११ सङ्ख्या (०.०००७ प्रतिशत), Child Micro Life Insurance Policy तर्फ ७५० सङ्ख्या (०.०४८ प्रतिशत), Endowment Micro Life Insurance Policy तर्फ ३,८०१ सङ्ख्या (०.२४ प्रतिशत), Foreign Employment Micro Life Insurance Policy तर्फ ४४,९०१ सङ्ख्या (२.९३ प्रतिशत), Term Micro Life Insurance Policy तर्फ १४,८२,३५१ सङ्ख्या (९६.७७ प्रतिशत) हिस्सा रहेको देखिन्छ।

*तालिका १४ लघु जीवन बीमकको समग्र बीमा व्यवसाय*

बीमाशुल्क र बीमाङ्क रू लाखमा

| आ.व. | बीमालेख संख्या | बीमाशुल्क संकलन | बीमाङ्क | औसत बीमाशुल्क |
|---|---|---|---|---|
| २०७९/८० | २१९ | २.०५ | ६३०.६४ | ९३६.५१ |
| २०८०/८१ | १०४४८० | १,६९७.८३ | १६६,४२५.६४ | १,६२५.०३ |
| २०८१/८२ | १७३६४४९ | ८,४३४.२९ | १,२२१,२०८.०५ | ४८५.७२ |
| २०८२/८३ (फागुन) | १५३१८१४ | ९,१५४.३८ | २,५५३,८७८.३३ | ५९७.६२ |

लघु जीवन बीमा व्यवसायले छोटो अवधिमा उल्लेखनीय व्यावसायिक विस्तार भएको देखिन्छ। आ.व. २०७९/८० मा सीमित रहेको बीमालेख संख्या आ.व. २०८१/८२ सम्म आइपुग्दा १७ लाख भन्दा बढी पुग्नु र चालू आ.व.को फागुनसम्म बीमाङ्क रकम रु. २.५५ खर्ब नाघ्नुले बीमाको पहुँच र वित्तीय सुरक्षाको दायरा द्रुत गतिमा विस्तार भएको देखिन्छ। बीमालेख संख्यामा भएको वृद्धिसँगै कुल बीमाशुल्क संकलनमा पनि निरन्तर वृद्धि भएको देखिन्छ भने प्रति बीमालेख औसत बीमाशुल्क घट्दै गएको तथ्याङ्कले देखाउछ।

## ३.८ लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकको लघुबीमा

लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकले गरेको लघु निर्जीवन बीमा कारोबारको समग्र पक्षको देहाय बमोजिम तालिकामा उल्लेख गरिएको छ।

*तालिका १५ निर्जीवन बीमकको लघु बीमा कारोबार*

कुल बीमाशुल्क संकलन रकम रु. हजारमा

| प्रकार | आ.व. ७९/८० | आ.व. ८०/८१ | आ.व. ८१/८२ | आ.व. ८२/८३ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दुर्घटना लघु | १,०४०.९ | ६३१.१ | २७९.४ | १७२.६ | २,१२४.० | १.८३% |
| स्वास्थ्य लघु | १.३ | ०.० | ०.० | ०.० | १.३ | ०.००% |
| परिवार (हाउसहोल्ड) | १८,३६२.३ | १,५५३.१ | ३८६.६ | २४.५ | २०,३२६.५ | १७.५३% |
| लघु अन्य | २२,४०९.७ | १२,४२२.४ | ८,१८२.९ | २,९४७.१ | ४५,९६२.१ | ३९.६४% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अन्य लघु बीमा | २८,०४५.८ | २,९३४.६ | ८.६ | ६५३.६ | ३१,६४२.६ | २७.२९% |
| सम्पत्ति लघु | ०.० | १,३९१.१ | ७,९५७.८ | ६,५५०.२ | १५,८९९.१ | १३.७१% |
| कुल | ६९,८६०.० | १८,९३२.३ | १६,८१५.३ | १०,३४८.० | ११५,९५५.७ | १००.००% |

कुल बीमाङ्क रकम रु दश लाखमा

| प्रकार | आ.व. ७९/८० | आ.व. ८०/८१ | आ.व. ८१/८२ | आ.व. ८२/८३ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दुर्घटना लघु | ७०१.९ | ६३१.१ | २७९.४ | १७२.६ | १,७८४.९ | २.७६% |
| स्वास्थ्य लघु | ०.७ | ०.० | ०.० | ०.० | ०.७ | ०.००% |
| परिवार (हाउसहोल्ड) | ११,००३.९ | २,४७५.० | ७७३.३ | ४९.० | १४,३०१.२ | २२.०८% |
| लघु अन्य | ११,००९.७ | ६,१७९.४ | ४,००४.० | १,४३९.१ | २२,६३२.१ | ३४.९४% |
| अन्य लघु बीमा | १३,४३४.२ | १,४६२.२ | ३.० | ४०७.८ | १५,३०७.२ | २३.६३% |
| सम्पत्ति लघु | ०.० | ९४६.१ | ५,३९४.१ | ४,४१६.२ | १०,७५६.३ | १६.६०% |
| कुल | ३६,१५०.४ | ११,६९३.८ | १०,४५३.७ | ६,४८४.६ | ६४,७८२.५ | १००.००% |

कुल बीमालेख सङ्ख्या

| प्रकार | आ.व. ७९/८० | आ.व. ८०/८१ | आ.व. ८१/८२ | आ.व. ८२/८३ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दुर्घटना लघु | २,४४५ | २,७१६ | १,२६६ | १,००३ | ७,४३० | ९.७६% |
| स्वास्थ्य लघु | १ | - | - | - | १ | ०.००% |
| परिवार (हाउसहोल्ड) | १४,९३९ | १०,१९४ | ५,०६० | ३२२ | ३०,५१५ | ४०.०८% |
| लघु अन्य | ९,७८८ | ५,७०७ | ३,८२८ | १,३९३ | २०,७१६ | २७.२१% |
| अन्य लघु बीमा | ११,६४० | १,३१३ | १६ | १८५ | १३,१५४ | १७.२८% |
| सम्पत्ति लघु | - | ३५९ | २,२१२ | १,७३९ | ४,३१० | ५.६६% |
| कुल | ३८,८१३ | २०,२८९ | १२,३८२ | ४,६४२ | ७६,१२६ | १००.००% |

स्रोत नेपाल बीमा प्राधिकरण (२०८३)

माथि उल्लेखित तालिका अनुसार लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकद्वारा आ.व. २०७९/८० देखि आ.व. २०८२/८३ सम्मको चार वर्षको अवधिमा कुल बीमाशुल्क रकम रु. ११ करोड संकलन गरेका छन्। सो तथ्याङ्क आ.व. २०७९/८० मा रु. ६.९८ करोड संकलन गरेकोमा उक्त रकम पछिल्ला वर्षहरुमा लगातार संकुचित हुँदै आ.व. २०८२/८३ को फागुन मसान्तसम्म आइपुग्दा मात्र रु. १.०३ करोडमा सीमित हुन पुगेको छ। पोर्टफोलियो संरचनाका आधारमा लघु अन्य (Micro Other) को कुल बीमाशुल्कमा सर्वाधिक ३९.६४

प्रतिशतको योगदान रहेको छ। अर्कोतर्फ, स्वास्थ्य लघु बीमाको कारोबार लगभग शून्य प्रायः देखिएको छ। सम्पत्ति लघु बीमा (Property Micro) भने आ.व. २०७९/८० मा कारोबार शून्य रहेतापनि पछिल्ला वर्षहरूमा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ।

लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकले सुरक्षण गरेको कुल बीमाङ्क रकमको प्रवृत्ति पनि बीमाशुल्क संकलनको जस्तै देखिन्छ। चार वर्षको अवधिमा कुल बीमाङ्क रकम रु. ६४ अर्ब ७८ करोड रहेको देखिन्छ। आ.व. २०७९/८०मा रु. ३६ अर्ब बराबरको बीमाङ्क रकम घट्दै आ.व. २०८२/८३ मा केवल रु. ६ अर्बमा सीमित रहेको देखिन्छ। सबैभन्दा बढी सुरक्षण रहेको पोर्टफोलियो लघु अन्यमा रहेको देखिन्छ।

समीक्षा अवधिभर लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकले कुल ७६ हजार बीमालेख जारी गरेकोमा सबैभन्दा बढी ४०.०८ प्रतिशत परिवार (हाउसहोल्ड) लघु बीमा जारी भएको देखिन्छ भने लघु अन्य बीमा २७.२१ प्रतिशतका साथ दोस्रो स्थानमा जारी गरिएको तथ्याङ्कले देखाउछ। आ.व. २०७९/८० मा ३८ हजार बीमालेख जारी भएकोमा आ.व. २०८२/८३ को फागुनसम्म आइपुग्दा केवल ४ हजारमा खुम्चिएको देखिन्छ। बजारमा नयाँ विशिष्टीकृत लघु निर्जीवन बीमकको स्थापना हुनु र पुराना बीमकको ध्यान लघु व्यवसायबाट हटेर ठूला कर्पोरेट बीमातर्फ केन्द्रित हुने कारणले लघुबीमा व्यवसाय मात्र गर्ने बीमक बाहेकका अन्य निर्जीवन बीमकको लघुबीमा व्यवसाय घटेको अनुमान लगाउन सकिन्छ।

## ३.९ लघु निर्जीवन बीमा कम्पनीहरूको कारोबार

### ३.९.१ आ.व. २०७९/८० को कारोबार

*तालिका १६ आ.व. २०७९/८० को लघु निर्जीवन बीमा कारोबार*

| क्र.स. | बीमकको नाम | जारी बीमालेख | बीमाशुल्क (रु.) | बीमाङ्क रकम (रु.) |
|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माईक्रो ई.क.लि. | २ | १०,१०७ | ६९७०,८७२ |

आ.व. २०७९/८० मा लघु निर्जीवन बीमा तर्फ कुल बीमालेख दुई वटा प्रोटेक्टिभ माईक्रो ईन्स्योरेन्सले जारी गरेको थियो। नेपाल माईक्रो ईन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएतापनि कारोबार भने गरेको देखिएन।

### ३.९.२ आ.व. २०८०/८१ को कारोबार

*तालिका १७ आ.व. २०८०/८१ को लघु निर्जीवन बीमा कारोबार*

| क्र.स. | बीमकको नाम | जारी बीमालेख | बीमाशुल्क (रु.) | बीमाङ्क रकम (रु.) |
|---|---|---|---|---|
| १ | नेपाल माईक्रो ई.क.लि. | ४९,४७३ | १०३,१६६,१५८ | ७,१३१,६५१,९६२ |
| २ | प्रोटेक्टिभ माईक्रो ई.क.लि. | ३०,४१० | ९०,०४२,११९ | १२,८५८,४४३,२३३ |
| ३ | स्टार माईक्रो ई.क.लि. | ३०,७७१ | ६४,०११,२९१ | ७,५८३,३९२,३९५ |
| ४ | ट्रस्ट माईक्रो ई.क.लि. | १३,८७५ | ३२,७५३,४५४ | २,५४३,०५१,१८४ |
| | कुल | १२४,५२९ | २८९,९७३,०२२ | ३०,११६,५३८,७७४ |

आ.व. २०८०/८१ मा लघु निर्जीवन बीमा तर्फ कुल १ लाख २४ हजार ५ सय २९ वटा बीमालेख जारी भएकोमा सबैभन्दा बढी बीमालेख ३९.७ प्रतिशत नेपाल माईक्रो ईन्स्योरेन्स कम्पनी लिमिटेडले जारी गरेको पाइयो। सो आ.व. मा रु. २८ करोड ९९ लाख भन्दा बढी बीमाशुल्क संकलन भई रु. ३० अर्ब ११ करोड बराबरको जोखिम वहन भएको छ। त्यस्तैगरी, बीमालेखको पोर्टफोलियोको आधारमा कुल १ लाख २४ हजार ५ सय २९ मध्ये Accident Micro Insurance Policy तर्फ ५४२ सङ्ख्या (०.४३ प्रतिशत), Burglary Micro Insurance Policy तर्फ ७१५ सङ्ख्या (०.५७ प्रतिशत), Engineering Micro Insurance Policy तर्फ ४१ सङ्ख्या (०.०३२ प्रतिशत), Household Micro Insurance Policy तर्फ १,५१० सङ्ख्या (१.२१ प्रतिशत), Micro Insurance Policy Others तर्फ १९ सङ्ख्या (०.०१५ प्रतिशत), Motor Comprehensive Micro Insurance Policy तर्फ ८,७१४ सङ्ख्या (६.९९ प्रतिशत), Motor Third-party Insurance Policy तर्फ १,०६,४२८ सङ्ख्या (८५.४४ प्रतिशत), Other Micro Insurance Policy तर्फ १४१ सङ्ख्या (०.११ प्रतिशत), Property Micro Insurance Policy तर्फ ६,४१९ सङ्ख्या (५.१५ प्रतिशत) मा बीमालेख जारी भएका छन्।

### ३.९.३ आ.व. २०८१/८२ को कारोबार

*तालिका १८ आ.व. २०८१/८२ को लघु निर्जीवन बीमा कारोबार*

| बीमकको नाम | जारी बीमालेख | बीमाशुल्क (रु.) | बीमाङ्क रकम (रु.) |
|---|---|---|---|
| नेपाल माईक्रो ई.क.लि. | १०१,७३९ | २६२,८०१,५०७ | १७,०५९,२०३,१२२ |
| प्रोटेक्टिभ माईक्रो ई.क.लि. | ९९,१३५ | २४९,३८२,०२१ | २७,१७८,९४०,७६४ |
| स्टार माईक्रो ई.क.लि. | १०२,४९६ | २२७,४२४,८६० | ३४,९६४,६९०,५९९ |
| ट्रस्ट माईक्रो ई.क.लि. | ७६,०६३ | २१४,२६५,४६४ | २१,७४९,५०६,४०४ |
| कुल | **३७९,४३३** | **९५,३८,७३,८५२** | **१००,९५२,३४०,८८८.१२** |

आ.व. २०८१/८२ मा लघु निर्जीवन बीमा तर्फ कुल बीमालेख ३ लाख ७९ हजार ४ सय ३३ वटा बीमालेख जारी भएकोमा सबैभन्दा बढी बीमालेख २७ प्रतिशत स्टार माईक्रो ईन्स्योरेन्स कम्पनी लिमिटेडले जारी गरेको पाइयो। सो आ.व.मा रु. ९५ करोड ३८ लाख भन्दा बढी बीमाशुल्क संकलन भई रु. १ खर्ब भन्दा बढीको जोखिम वहन भएको छ। त्यस्तैगरी, बीमालेखको पोर्टफोलियोको आधारमा कुल ३ लाख ७९ हजार ४ सय ३३ मध्ये Accident Micro Insurance Policy तर्फ ७७५ सङ्ख्या (०.२० प्रतिशत), Burglary Micro Insurance Policy तर्फ २२५३ सङ्ख्या (०.५९ प्रतिशत), Engineering Micro Insurance Policy तर्फ २७ सङ्ख्या (०.००७ प्रतिशत), Household Micro Insurance Policy तर्फ ६०३३ सङ्ख्या (१.५९ प्रतिशत), Micro Insurance Policy Others तर्फ ७६६ सङ्ख्या (०.२० प्रतिशत), Motor Comprehensive Micro Insurance Policy तर्फ ३४७५६ सङ्ख्या (९.१५ प्रतिशत), Motor Third-party Insurance Policy तर्फ ३१२६०७ सङ्ख्या (८२.३८ प्रतिशत), Other Micro Insurance Policy तर्फ २८५ सङ्ख्या (०.०७ प्रतिशत), Property Micro Insurance Policy तर्फ २१९३१ सङ्ख्या (५.७७ प्रतिशत) मा बीमालेख जारी भएका छन्।

### ३.९.४ आ.व. २०८२/८३ (फागुन) सम्मको कारोबार

*तालिका १९ आ.व. २०८२/८३ (फागुन) सम्मको लघु निर्जीवन बीमा कारोबार*

| बीमकको नाम | जारी बीमालेख | बीमाशुल्क (रु.) | बीमाङ्क रकम (रु.) |
|---|---|---|---|
| नेपाल माईक्रो ई.क.लि. | ७७,९०७ | २१५,०६६,८९६ | १२,३९९,८८८,२८२ |
| प्रोटेक्टिभ माईक्रो ई.क.लि. | ८७,५१७ | २२८,०९६,१२१ | १८,३०७,४७३,९६८ |
| स्टार माईक्रो ई.क.लि. | ८०,४५० | १८४,०३९,२६८ | २९,०६९,१८९,८०९ |
| ट्रस्ट माईक्रो ई.क.लि. | ६०,०४३ | १९८,६७४,१८९ | २१,९९८,६१०,२२८ |
| कुल | ३०५,९१७ | ८२५,८७६,४७५ | १,७७५,१६२,२८७.०० |

आ.व. २०८२/८३ को आठ महिनामा लघु निर्जीवन बीमा तर्फ कुल बीमालेख ३ लाख ५ हजार ९ सय १७ वटा बीमालेख जारी भएकोमा सबैभन्दा बढी बीमालेख २८.६ प्रतिशत प्रोटेक्टिभ माईक्रो ईन्स्योरेन्स लिमिटेड ले जारी गरेको पाइयो । सो आ.व. मा रु. ८२ करोड ५८ लाख भन्दा बढी बीमाशुल्क संकलन भई रु. ८१.७७ अर्ब भन्दा बढीको जोखिम वहन भएको छ। त्यस्तैगरी, बीमालेखको पोर्टफोलियोको आधारमा कुल ३ लाख ५ हजार ९ सय १७ मध्ये Accident Micro Insurance Policy तर्फ ३९९ सङ्ख्या (०.१३ प्रतिशत), Burglary Micro Insurance Policy तर्फ १,७४३ सङ्ख्या (०.५६ प्रतिशत), Household Micro Insurance Policy तर्फ ४९३९ सङ्ख्या (१.६१ प्रतिशत), Motor Comprehensive Micro Insurance Policy तर्फ ३१,७२३ सङ्ख्या (१०.३६ प्रतिशत), Motor Third-party Insurance Policy तर्फ २४९,१०५ सङ्ख्या (८१.४२ प्रतिशत), Other Micro Insurance Policy तर्फ ७०४ सङ्ख्या (०.२३ प्रतिशत), Property Micro Insurance Policy तर्फ १७,३०४ सङ्ख्या (५.६५ प्रतिशत) मा बीमालेख जारी भएका छन्।

*तालिका २० लघु निर्जीवन बीमकको समग्र बीमा व्यवसाय*

बीमाशुल्क र बीमाङ्क रू लाखमा

| आ.व. | बीमालेख संख्या | बीमाशुल्क संकलन | बीमाङ्क्र | औसत बीमाशुल्क |
|---|---|---|---|---|
| २०७९/८० | २ | ०.१० | ६९.७१ | ५,०५३.५० |
| २०८०/८१ | १२४,५२९ | २,८९९.७३ | ३०१,१६५.३९ | २,३२८.५६ |
| २०८१/८२ | ३७९,४३३ | ९,५३८.७४ | १,००९,५२३.४१ | २,५१३.९५ |
| २०८२/८३ (फागुन) | ३०५,९१७ | ८,२५८.७६ | ८१७,७५१.६२ | २,६९९.६७ |

माथिको तालिकाको अध्ययन गर्दा लघु निर्जीवन बीमा व्यवसायले छोटो अवधिमा उल्लेखनीय व्यावसायिक विस्तार भएको देखिन्छ। आ.व. २०७९/८० मा सीमित रहेको बीमालेख संख्या आ.व. २०८१/८२ सम्म आइपुग्दा ३ लाख भन्दा बढी पुग्नु र चालू आ.व.को फागुनसम्म बीमाङ्क रकम रु. ८१.७७ अर्ब पुग्नुले बीमाको पहुँच र वित्तीय सुरक्षाको दायरा द्रुत गतिमा विस्तार भएको देखिन्छ। बीमालेख संख्यामा भएको वृद्धिसँगै कुल बीमाशुल्क संकलनमा पनि वृद्धि भएको देखिन्छ भने प्रति बीमालेख औसत बीमाशुल्क बढ्दै गएको तथ्याङ्कले देखाउछ।

### ३.९.५ लघु निर्जीवन बीमकको पोर्टफोलियो

लघु निर्जीवन बीमकको पोर्टफोलियो मुलतः दुर्घटना, सेधमारी, इन्जिनियरिङ, हाउसहोल्ड, मोटर, सम्पत्ति र अन्य लघुबीमा रहेको देखिन्छ। उक्त पोर्टफोलियोहरूमा जारी भएका बीमालेखहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका २१ पोर्टफोलियोको आधारमा लघु निर्जीवन बीमालेख*

| आ.व./ पोर्टफोलियो | Accident Micro | Burglary Micro | Engineering Micro | Household Micro | Micro Others | Motor Comprehensive Micro | Motor Third-party | Other Micro | Property Micro | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७९/८० | | | | | | | | २ | | २ | ०.००% |
| २०८०/८१ | ५४२ | ७१५ | ४१ | १५१० | १९ | ८७१४ | १०६४२८ | १४१ | ६४१९ | १२४५२९ | १५.३८% |
| २०८१/८२ | ७७५ | २२५३ | २७ | ६०३३ | ७६६ | ३४७५६ | ३१२६०७ | २८५ | २१९३१ | ३७९४३३ | ४६.८५% |
| २०८२/८३ | ३९९ | १७४३ | ० | ४९३९ | ० | ३१७२३ | २४९१०५ | ७०४ | १७३०४ | ३०५९१७ | ३७.७७% |
| कुल | १,७१६ | ४,७११ | ६८ | १२,४८२ | ७८५ | ७५,१९३ | ६६८,१४० | १,१३२ | ४५,६५४ | ८०९,८८१ | १००.००% |
| प्रतिशत | ०.२१% | ०.५८% | ०.०१% | १.५४% | ०.१०% | ९.२८% | ८२.५०% | ०.१४% | ५.६४% | १००.००% | |

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा कुल बीमालेखमा मोटर तेस्रो पक्ष बीमालेखको अंश ८२.५० प्रतिशत रहेको देखिन्छ। आ.व. २०८०/८१ मा जारी भएका कुल १,२४,५२९ बीमालेखमध्ये १,०६,४२८ वटा अर्थात् ८५.४४ प्रतिशत र पछिल्ला वर्षहरुमा क्रमशः ८२.३८ प्रतिशत ८१.४२ प्रतिशत मोटर तेस्रो पक्ष बीमाको योगदान रहेको देखाउछ। कुल व्यवसायको अधिकांश अंश एउटै पोर्टफोलियोमा केन्द्रित हुनु लघुबीमाको मर्म र पोर्टफोलियो विविधीकरणका दृष्टिले चिन्ताजनक परिदृश्य हो। यसले अनिवार्य कानुनी व्यवस्थाका कारण मोटर तेस्रो पक्ष बीमालेखको बिक्री उच्च भए तापनि लघुबीमाको वास्तविक लक्षित समूह मानिने विपन्न तथा न्यून आय भएका वर्गको आधारभूत जोखिमहरू अझै पनि पर्याप्त मात्रामा सम्बोधन हुन नसकिरहेको यथार्थलाई उजागर गर्दछ।

## ३.१० लैङ्गिक विश्लेषण

लघु जीवन बीमा कम्पनीहरूले जारी गरेका बीमालेखको लैङ्गिक विश्लेषण हेर्दा महिला बीमितको सङ्ख्या पुरुषभन्दा उल्लेखनीय रूपमा बढी देखिएको छ। लघु जीवन बीमालेखमा देहाय बमोजिमको लैङ्गिक अनुपातको विवरण रहेको देखिन्छ।

*तालिका २२ लघु जीवन बीमालेखमा लैङ्गिक अनुपात*

| आर्थिक वर्ष | महिला (सङ्ख्या) | पुरुष (सङ्ख्या) | अन्य | कुल | महिला % | पुरुष % |
|---|---|---|---|---|---|---|
| आ.व. २०७९/८० | ७५ | १४४ | - | २१९ | ३४.२४% | ६५.७५% |
| आ.व. २०८०/८१ | ७२,६०५ | ३१,८७४ | १ | १,०४,४८० | ६९.४९% | ३०.५७% |
| आ.व. २०८१/८२ | १०,६६,४५४ | ६,६९,९८१ | १४ | १७,३६,४४९ | ६१.४१% | ३८.५८% |
| आ.व. २०८२/८३ (फागुन) | ९,४१,१४३ | ५,९०,६७१ | - | १५,३१,८१४ | ६१.४३% | ३८.५६% |

आ.व. २०७९/८० मा पुरुष बीमितको वर्चश्व रहेकोमा पछिल्ला वर्षहरूमा महिलाहरूको सहभागितामा आमूल र सकारात्मक परिवर्तन आएको देखिन्छ। आ.व. २०७९/८० मा कुल २१९ बीमालेख जारी हुँदा पुरुष बीमित ६५.७५ प्रतिशत रहेकोमा आ.व. २०८०/८१ देखि महिला बीमितको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भई ६९.४९ प्रतिशत पुगेको देखिन्छ। त्यसपछिका वर्षहरू अर्थात् आ.व. २०८१/८२ मा ६१.४१% र आ.व. २०८२/८३ को फागुन मसान्त सम्म आइपुग्दा ६१.४३% महिला सहभागिता रहेको देखिन्छ। यो तथ्याङ्कले कुल बीमालेखमा लैङ्गिक समावेशिताको बलियो जग स्थापित भएको देखाउछ।

## ३.११ लघुबीमा तर्फको दाबी भुक्तानी

*तालिका २३ लघु जीवन बीमकको दाबी भुक्तानी विवरण*

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ (फागुन) |
|---|---|---|---|---|
| दाबी भुक्तानी सङ्ख्या | - | ७९ | २,१०९ | ३,२८८ |
| दाबी भुक्तानी रकम (रु.) | - | रु. १.२१ करोड | रु. २२.६६ करोड | रु. ३१.२४ करोड |
| दाबी बाँकी सङ्ख्या | - | - | ६ | ५ |
| दाबी बाँकी रकम (रु.) | - | - | रु. ८.७५ लाख | रु. ३.७४ लाख |

*तालिका २४ लघु जीवन बीमकको दाबी भुक्तानी*

| क्र.सं. | बीमकको नाम | दाबी भुक्तानी (सङ्ख्या) | हिस्सा (%) | भुक्तानी बाँकी | बाँकी % |
|---|---|---|---|---|---|
| १ | क्रेस्ट माईक्रो लाईफ ई.क.लि. | १,६४० | २९.९४% | - | - |
| २ | गार्डियन माईक्रो लाईफ ई.क.लि. | ३,१३८ | ५७.३०% | - | - |
| ३ | लिबर्टी माईक्रो लाईफ ई.क.लि. | ६९८ | १२.७४% | ११ | १००% |
| | **जम्मा** | **५,४७६** | **१००%** | **११** | - |

समीक्षा अवधिमा लघु जीवन बीमकको व्यवसाय विस्तारसँगै दाबी भुक्तानीको सङ्ख्या र दायित्व रकम दुवै तीव्र गतिमा वृद्धि भएको देखिन्छ। आ.व. २०८०/८१ मा कुल रु. १.२१ करोड मात्र रहेको दाबी भुक्तानी रकम आ.व. २०८२/८३ को फागुन मसान्तसम्म आइपुग्दा उल्लेख्य रूपमा बढेर रु. ३१.२४ करोड पुग्नुले बीमकको बढ्दो जोखिम वहन गरेको देखिन्छ। दाबी फछ्र्यौटमा गार्डियन माईक्रो लाइफ इन्स्योरेन्सले कुल दाबी भुक्तानीको सबैभन्दा उच्च ५७.३० प्रतिशत दाबी भुक्तानी गरेको छ। यसको विपरीत, लिबर्टी माईक्रो लाइफ इन्स्योरेन्सको हकमा भने सबै बाँकी दाबीहरू फछ्र्यौट हुन नसक्नुको तथ्याङ्क चिन्ताजनक रहेको छ।

अध्याय ४

# लघुबीमाको अन्तर्राष्ट्रिय अभ्यास

विश्वव्यापी रूपमा लघुबीमाको सफल कार्यान्वयन गरेका विभिन्न मुलुकहरूको ऐतिहासिक र व्यावहारिक अनुभव नेपालको लघुबीमा बजारलाई मार्गनिर्देशन गर्न महत्त्वपूर्ण पाठका स्रोत बन्न सक्छन्। उक्त अन्तर्राष्ट्रिय अनुभव तथ अभ्यासहरू देहाय बमोजिम रहेका छन्।

## ४.१ भारतमा रहेको अभ्यास

भारतले सन् २००५ मा जारी गरेको "Micro Insurance Regulations २००५" मार्फत लघुबीमालाई परम्परागत बीमाको प्रशासनिक बोझबाट मुक्त गरी छुट्टै, सरलीकृत विधाको रूपमा स्थापित गर्यो। "JAM Trinity" (Jan Dhan Aadhar Mobile) को उपयोग भारतमा सफल रहेको पाइयो। भारतमा लघुबीमाको वितरण र दाबी भुक्तानी ५० करोडभन्दा बढी जनधन बैंक खाता, आधार (Aadhar) डिजिटल पहिचान र मोबाइल वालेटको त्रिपक्षीय संयोजनले गर्दा अत्यन्तै किफायती र पारदर्शी बनेको देखिन्छ। प्रधानमन्त्री जीवन ज्योति बीमा योजना (PMJJBY) र प्रधानमन्त्री सुरक्षा बीमा योजना (PMSBY) ले वार्षिक क्रमशः भारु. ४३६ र भारु. २० (भारु) बीमाशुल्कमा मात्र भारू २ लाखको बीमाङ्क गरी करोडौं विपन्न नागरिकलाई जीवन र दुर्घटना बीमाको सुरक्षा दिएका छन्। त्यस्तै, प्रधानमन्त्री फसल बीमा योजना (PMFBY) ले ड्रोन, रिमोट सेन्सिङ र भू-उपग्रहको तथ्याङ्क प्रयोग गरी मानवीय हस्तक्षेप बिना नै कृषि बीमाको दाबी मूल्याङ्कन र भुक्तानी गर्ने अत्याधुनिक प्रविधि प्रयोगमा ल्याएको देखिन्छ। यस्तो भारतमा भएको अभ्यासलाई अनुसरण गरी नेपालले पनि सरकारको मुख्य क्रियाशिलतामा सबै नागरिक समेटिने गरी सार्वभौम लघुबीमा कार्यक्रम ल्याउन सक्ने पाठ प्रदान गर्दछ। राष्ट्रिय परिचयपत्र र डिजिटल वालेटलाई बीमा प्रणालीसँग एकीकृत गरी मौसम सूचकाङ्कमा आधारित (Index-Based) कृषि बीमा लागू गर्न भारतको प्रविधि एक अनुकरणीय मोडेल रहेको पाइन्छ।

## ४.२ बङ्गलादेशमा रहेको अभ्यास

बङ्गलादेशमा लघुबीमाको शुरूवात लघुवित्त संस्थाको शुरुवातसँगै भएको पाइन्छ। अहमद (Ahmed, २०१२) का अनुसार बङ्गलादेशमा लघुबीमाको सफलताको मुख्य मेरुदण्ड भनेको ग्रामीण बैंक र ब्राक (BRAC) जस्ता विशाल लघुवित्त संस्थाहरूसँग लघुबीमाको एकीकरण (Bundling) हुनु हो। त्यस्तो एकीकरण अनुसार ऋण प्रवाह गर्दा अनिवार्य रूपमा बीमाशुल्क ऋणको किस्तासँगै कट्टा हुने गरी न्यूनतम बीमाशुल्कमा लघुबीमा उपलब्ध गरेको पाइन्छ। ग्रामीण सामाजिक कल्याणको रूपमा स्वास्थ्य लघुबीमा र bKash मोबाइल मनीमार्फत दूरदराजसम्म बीमाशुल्क संकलन र दाबी भुक्तानी प्रणालीलाई अत्याधुनिक बनाइएको छ। नेपालमा सक्रिय रहेका लघुवित्त संस्थाहरूको सञ्जाललाई केवल कर्जा असुलीमा मात्र सीमित नराखी बङ्गलादेशको मोडलमा लघुबीमा सेवालाई ग्रामीण तहसम्म सहजै पुर्याउन सकिन्छ।

## ४.३ फिलिपिन्समा रहेको अभ्यास

फिलिपिन्सको बीमा आयोगले सन् २०१० मा जारी गरेको विशेष "Microinsurance Framework" ले लघुबीमाका लागि छुट्टै र सरलीकृत नियामकीय मापदण्ड स्थापित गरेको पाइयो। ल्लान्टो (Llanto, २००७) का अनुसार फिलिपिन्सको उदाहरणीय पक्ष भनेको बीमित महिलाहरू आफैं मिलेर पारस्परिक हितकारी (Mutual) संस्था स्थापना गरी

आफ्ना हकहित र आवश्यकता सुहाउँदो सरल बीमालेख तर्जुमा र सञ्चालन गर्ने गरी CARD MBA (Mutual Benefit Association) सञ्चालन गरेको पाइयो। लघुबीमा बजारको विकासका लागि आनुपातिकताको सिद्धान्त (Proportionality) अवलम्बन गर्दै छुट्टै लचिलो नियामकीय ढाँचा तयार गर्न र महिला केन्द्रित लघुबीमा कार्यक्रमहरू सञ्चालन गर्न फिलिपिन्सबाट पाठ सिक्न सकिन्छ।

## ४.४ घानामा रहेको अभ्यास

घानामा लघु बीमाको इतिहास र सफलताको मुख्य श्रेय त्यहाँको "फ्रीमियम" (Freemium) मोबाइल मोडल र दुरसञ्चार साझेदारीलाई जान्छ। यसले सन् २०१० मा केवल ८ प्रतिशत रहेको बीमा पहुँचलाई सन् २०१८ सम्ममा ३० प्रतिशतमा पुर्याउन ठूलो भूमिका खेलेको पाइयो। Tigo Ghana, लघु बीमा विशेषज्ञ BIMA, र MicroEnsure बिच त्रिपक्षीय साझेदारी गरी "Tigo Family Care" (Tigo Bima) कार्यक्रम गरी घानामा लघुबीमा सफल भएको देखिन्छ। घानामा लघुबीमा कार्यक्रमलाई आकर्षित गराउन ग्राहकले मोबाइल ब्यालेन्स खर्च गर्दा त्यसको अनुपातमा आफ्नो र परिवारको लागि निःशुल्क जीवन बीमा (Loyalty Benefit) प्राप्त गर्ने रणनीति अख्तियार गरिएको पाइयो। यसरी मोबाइलमा ब्यालेन्स खर्च गर्दा निःशुल्क रूपमा बीमा गरिने व्यवस्थाबाट लाखौं ग्राहकहरूले बीमाको महत्त्व बुझेर थप बीमालेख तिरी स्वैच्छिक रूपमा आफ्नो बीमा सुरक्षणलाई दोब्बर बनाएको इतिहास रहेको पाइयो। फलस्वरूप, पहिलो छ महिना २ लाख ५० हजार भन्दा बढी र केही वर्षभित्रै २ करोड १० लाख भन्दा बढी लघुबीमालेख बिक्री हुन सफल भएको पाइयो। घानामा न्यून आय भएका परिवारहरूमा गरिएको जर्नल अफ द नलेज इकोनोमी (Journal of the Knowledge Economy, २०२४) को एक अनुसन्धान प्रतिवेदनमा लघु बीमाले संकट वा आपतकालीन समयमा गरीब परिवारहरूले आफ्नो सम्पत्ति, गहना वा चौपायाहरू सस्तो मूल्यमा बन्धक राख्ने वा बेच्ने बाध्यतालाई उल्लेख्य रूपमा घटाएको विषय उल्लेख गरेको छ। साथै लघु बीमाले न्यून आय भएका परिवारहरूलाई वित्तीय सुरक्षा प्रदान गरी दीर्घकालीन रूपमा बचत बढाउन र नयाँ आयमूलक सम्पत्ति आर्जन गर्न प्रत्यक्ष प्रोत्साहन गरेको परिदृश्यले मोबाइल एयरटाइमलाई बीमासँग जोड्ने घानाको यो पृथक र नवीन प्रयोग विश्वभरिकै उदाहरणीय र सफल वित्तीय समावेशीकरणको रूपमा स्थापित रहेको देखिन्छ।

## ४.५ केन्याामा रहेको अभ्यास

केन्यामा लघु बीमा विशेष गरी सन् २००७ बाट M-Pesa कार्यक्रम सुरु भई सन् २०२० मा जारी भएको लघु बीमा नियमावली पश्चात तीव्र रूपमा विकास भएको पाइयो। केन्याको लघुबीमाको मोडलले बैंक खाता नभएका र अनौपचारिक क्षेत्रमा रहेका कम आय भएका असी प्रतिशत भन्दा बढी जनसंख्यालाई समेट्न सफल भएको देखिन्छ। Kilimo Salama नामक सुरक्षित खेतीपाती डिजिटल कृषि बीमा कार्यक्रम विकास गरी साना किसानहरूले एग्रोभेटबाट बीउ वा मल किन्दा बारकोड स्क्यान गरी सिधै मोबाइलबाट सस्तो प्रिमियम तिर्ने व्यवस्था गरी केन्यामा लघुबीमा सफल रूपमा विस्तार भएको पाइयो। यो सुचकाङ्कमा आधारित भई स्वचालित मौसम स्टेशन (Weather Stations) को डाटाको आधारमा बाली नष्ट भएको पुष्टि हुनासाथ किसानको मोबाइल खातामै तुरुन्तै दाबी भुक्तानी हुने व्यवस्था रहेको देखिन्छ। अन्तर्राष्ट्रिय वित्त निगम (IFC) को अनुसन्धान प्रतिवेदनले अनुसार केन्याको लघु बीमा कार्यक्रममा आबद्ध भएका केन्याली किसानहरूले बीमा नभएका छिमेकी किसानहरूको तुलनामा आफ्नो खेतीपातीमा १९ प्रतिशत बढी लगानी बढाएको तथा वार्षिक आम्दानीमा १६ प्रतिशत सम्मको वृद्धि बढेको तथ्य उल्लेख गरेको छ। प्रविधि, सरल प्रक्रिया, संस्थागत साझेदारीका कारण केन्याको लघुबीमा उत्कृष्ट सिकाईको रुपमा स्थापित भएको देखिन्छ।

अध्याय ५

# निष्कर्ष तथा सुझावहरू

## ५.१ निष्कर्ष

नेपालमा विशिष्टिकृत रूपमा लघुबीमा व्यवसाय सञ्चालनको करिब तीन वर्षको अवधिमा यस क्षेत्रले वित्तीय समावेशीकरणका लागि महत्त्वपूर्ण संरचनागत आधार तयार पारेको देखिन्छ। संघीय संरचना बमोजिम प्रत्येक प्रदेशमा लघुबीमक स्थापना हुनु सकारात्मक विषय रहेको छ। हालसम्म केवल तीन लघुबीमकले मात्र सर्वसाधारणमा सेयर जारी गरेका छन् भने बाँकी चार बीमक पनि प्रक्रियामा रहेको पाइन्छ। उक्त सर्वसाधारणमा सेयर निष्कासन नभएका चार बीमकको स्वामित्वमा संस्थापक शेयरधनीको एकाधिकार कायमै रहनु संस्थागत सुशासन, वित्तीय पारदर्शिता र सार्वजनिक उत्तरदायित्वका दृष्टिले चुनौतीपूर्ण रहेको छ।

लघुबीमकको स्थापना काल देखि हाल सम्मको अवधिमा लघुबीमकको शाखा कार्यालयको तीव्र विस्तार भए तापनि कर्मचारी, शाखा कार्यालय तथा व्यवसाय विस्तार बाग्मती प्रदेशमा विशेषतः काठमाडौं उपत्यकामा मात्र केन्द्रित हुनु र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको कर्णाली प्रदेश तथा ग्रामिण स्तरमा अत्यन्त न्यून उपस्थिति रहनुले लघुबीमाको उद्देश्य अनुसार कार्य गर्न खोजेको पाइएन। प्राधिकरणले लघुबीमकलाई इजाजतपत्र प्रदान गर्दा प्रदेशस्तरमा केन्द्रीय कार्यालय रहनु पर्ने गरी शर्त तोकिएकोमा सबै जसो लघुबीमकका प्रमुख कार्यकारी लगायत उच्च व्यवस्थापकीय स्तरका कर्मचारीहरू काठमाडौं उपत्यका स्थित कार्यालयमा रहनु स्थापना हुँदाका बखत तोकिएको शर्तको मर्म अनुरूप देखिएन।

लघुबीमकको केन्द्रीय कार्यालय रहने गरी तोकिएको प्रदेशमा भन्दा अन्य प्रदेशमा शाखा कार्यालयको विस्तार तथा व्यवसायमा केन्द्रित रहेको पाइयो। यसबाट बीमक आफूले केन्द्रित हुनु पर्ने मुख्य व्यवसाय क्षेत्र भन्दा भौगोलिक हिसाबले सुगम र आर्थिक हिसाबले सबल क्षेत्रलाई प्राथमिकतामा राखेको देखिनुले लघुबीमाको लक्ष विचलन भएको देखियो।

नेपालमा जीवन बीमा व्यवसायको अधिकांश हिस्सा सावधिक जीवन बीमामा केन्द्रित भईरहेको अवस्थामा लघु जीवन बीमकको व्यवसाय तुलनात्मक रूपमा कम बीमाशुल्कमा अधिक जोखिम रक्षावरण हुने म्यादी जीवन बीमामा केन्द्रित हुनु सकारात्मक पक्ष रहेको छ। त्यस्तै गरी, लघु जीवन बीमातर्फ आ.व. २०८०/८१ देखि महिला बीमितको अनुपात अधिक रहनु राष्ट्रिय वित्तीय समावेशीकरणको दृष्टिले सकारात्मक रहेको देखियो। लघु जीवन बीमकको बाँकी दाबी सङ्ख्या र रकम कम रहनु तथा अधिकांश दाबी भुक्तानी डिजिटल माध्यमबाट हुनुले बीमा प्रतिको विश्वास बढाउन सकारात्मक भूमिका खेलेको देखिन्छ।

लघु निर्जीवन बीमा तर्फ करिब ८२ प्रतिशत हिस्सा अनिवार्य रहेको मोटर तेस्रो पक्ष बीमालेखमा केन्द्रित हुनुले वास्तविक लक्षित वर्गको दैनिक जीवनसँग जोडिएका जीवन, स्वास्थ्य, कृषि, बालीनाली र घर सम्पत्तिमा हुने जोखिमको रक्षावरण कम रहेको देखिन्छ। त्यस्तै गरी, नविनतम् बीमालेख योजनाहरूको विकास कम प्राथमिकतामा पर्नुले लघुबीमकको अध्ययन, अनुसन्धान र लक्षित वर्गमा बीमासेवा प्रवाहमा लघुबीमक उदासिन रहेको देखिन्छ।

## ५.२ सुझावहरू

### ५.२.१ कानुनी तथा नीतिगत सुधार

१. लघुबीमा सम्बन्धी निर्देशिका, २०७९ मा लघुबीमकले गर्न पाउने बीमाङ्कको सीमा जीवन बीमाको हकमा बीमाङ्क रकम रू. पाँच लाख र निर्जीवन बीमाको हकमा बीमाङ्क रकम रू. पचास लाखसम्म तोकिएको छ। यस व्यवस्था अनुसार जुनसुकै समुदाय वा वर्गको उल्लेखित रकमसम्मको बीमा लघुबीमा भित्र परेको हुँदा बीमा ऐन, २०७९ को दफा ७५ अनुसार न्यून आय भएको वर्ग तथा पिछडिएको क्षेत्रलाई लक्षित गर्नुपर्ने व्यवस्था अनुरूप नभएकोले लघुबीमा निर्देशिकामा न्यून आय भएको वर्ग तथा पिछडिएको क्षेत्रको स्पष्ट व्याख्या गरी लक्षित वर्गमा लघुबीमा हुने व्यवस्था गर्नु पर्दछ।

२. लघुबीमकलाई इजाजतपत्र दिँदा तोकिएको प्रदेशमा मात्र व्यवसाय विस्तार गर्ने बाध्यकारी व्यवस्था गर्नु पर्दछ र हालको बीमकको शाखा स्वीकृति सम्बन्धी निर्देशिकामा लघुबीमकको हकमा छुट्टै व्यवस्था गर्नु पर्दछ। अति विपन्न वर्गसम्म लघुबीमाको पहुँच पुर्याउनका लागि प्रदेश स्थित दुर्गम र विपन्न वर्ग भएका स्थानमा भौतिक शाखा खोल्न सम्भव नभएमा वैकल्पिक वितरण प्रणालीको प्रयोग सम्बन्धमा स्पष्ट व्यवस्था गर्नु पर्दछ।

३. लघुबीमकलाई दुर्गममा काम गर्न प्राथमिकता दिनको लागि जोखिममा आधारित पूँजी लगायत अन्य नियामकीय प्रावधानमा सहुलियतको व्यवस्था गरिनु पर्दछ। साथै, लघुबीमा दुर्गम र विपन्न वर्ग लक्षित हुने हुँदा आम नागरिकले बीमाशुल्क सहजै तिर्न सक्ने गरी बीमाशुल्कको रकम किफायति बनाउन सरकारले लघुबीमाको बीमाशुल्कमा लाग्दै आएको करमा छुट गर्न सके अझ प्रभावकारी हुने देखिन्छ।

४. लघु निर्जीवन बीमकको व्यवसाय सरकारले अनिवार्य गरेको मोटर तेस्रो पक्ष बीमामा केन्द्रित भएको देखिएको हुँदा पोर्टफोलियोको विविधिकरण नभएकोले लघु निर्जीवन बीमा व्यवसाय न्यून आय भएका र पिछडिएको वर्गमा पुर्याउन कृषि, स्वास्थ्य, दुर्घटना, सम्पत्ति जस्ता बीमा तर्फ लघु निर्जीवन बीमकलाई केन्द्रित गर्न कुल व्यवसायको न्यूनतम सीमा तोक्नु पर्ने देखिन्छ।

५. बीमा ऐन, २०७९ को दफा ७६ अनुसार लघु जीवन बीमा वा लघु निर्जीवन बीमा व्यवसाय मात्र गर्ने उद्देश्यले बीमा कम्पनी संस्थापना गर्न सकिने व्यवस्था अनुरूप हाल तीन वटा जीवन र चार वटा निर्जीवन विशिष्टिकृत लघुबीमक स्थापना भई कार्य गरिरहेका छन्। तर, अन्तर्राष्ट्रिय असल अभ्यासलाई हेर्दा लघुबीमा व्यवसायमा जीवन र निर्जीवन दुवै किसिमको बीमा बण्डलिङ गर्दा व्यवसाय दिगो, सरल, सहज र किफायति हुने देखिएकोले सोही अनुरूप हुने व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ५.२.२ संस्थागत सुशासन, जनशक्ति र बजारमा सुधार

१. बीमकको केन्द्रीय कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी बनाउन कार्यकारी प्रमुख लगायत उच्च व्यवस्थापकीय तहका कर्मचारीहरूले अनिवार्य सोही कार्यालयबाट कार्यसम्पादन गर्ने र केन्द्रीय कार्यालय रहेको प्रदेशमा व्यवसायिक गतिविधि विस्तारमा प्राथमिकता दिने सम्बन्धमा बीमकको संचालक समितिलाई जिम्मेवार बनाउनु पर्दछ।

२. लघुबीमकले न्यून आय भएका र पिछडिएको क्षेत्रलाई प्राथमिकतामा राखि जनशक्ति परिचालन गर्नु पर्दछ। परिचालित जनशक्तिको क्षमता विकास र संस्थामा टिकाइ राख्नका लागि दिर्घकालिन कार्ययोजना बनाइ बीमकले कार्यान्वयन गर्नु पर्दछ।

३. दुर्गम क्षेत्रका भाषा र संस्कृति बुझेका स्थानीयलाई लघुबीमामा आकर्षित गर्न र अभिकर्ताहरूको सङ्ख्यासँगै गुणात्मक सुधारका लागि लघुबीमा प्रशिक्षण र तालिम, जनचेतनामूलक कार्यकम तथा सामाजिक उत्तरदायित्व लगायतका कार्यक्रमहरु बीमकले निरन्तर सञ्चालन गर्नु पर्दछ।

## ५.२.३ प्रविधि र वितरण प्रणालीमा सुधार

१. लघु बीमकले संस्थागत अभिकर्तासँग सम्झौता गरी जोखिमाङ्कन तथा दाबी सम्बन्धी अधिकार प्रत्यायोजन गर्दा बीमकको लागत कम हुने तथा लघुबीमाको उपलब्धता आम नागरिकसँग पुर्याउन सहज हुने भएकाले संस्थागत अभिकर्तासँग करार गर्ने व्यवस्थालाई प्राथमिकता दिनु पर्दछ।

२. परम्परागत भौतिक वितरण प्रणालीको उच्च लागतलाई न्यूनीकरण गर्न लघुवित्त संस्था, सहकारी र स्थानीय निकायहरूसँग सम्झौता गरी साझेदारी अभिकर्ता ढाँचा (Partner Agent Framework) लाई विस्तार गरिनु पर्दछ। यसका लागि स्थानीय सरोकारवालाहरूसँग समन्वय गरी एकीकृत वितरण प्रणाली निर्माण गर्ने कार्ययोजना तयार गर्नु पर्दछ।

३. नेपालको विद्यमान मोबाइल बैंकिङ, डिजिटल वालेट प्रणाली र दुरसञ्चार प्रणाली मार्फत लघुबीमा सेवालाई विस्तार गर्नु पर्दछ। साथै, बीमाशुल्क भुक्तानी, दाबी फछ्र्यौट र बीमालेख नवीकरण जस्ता प्रक्रियाहरूलाई डिजिटल माध्यमबाट सरल र सहज बनाउन डिजिटल पूर्वाधारमा लगानी बढाइनु पर्दछ।

४. सामुदायिक जोखिम साझेदारी मोडेल (Community Based Risk Pooling) मार्फत लघुबीमाको विस्तारका लागि सम्भाव्यता अध्ययन गरिनुपर्दछ। यस अध्ययनका आधारमा स्थानीय सरकारको अगुवाइमा पालिकास्तरीय कोष स्थापना गर्ने र जोखिम हस्तान्तरणका लागि लघुबीमकसँग जोडिने नीतिगत प्रबन्ध मिलाइनु उपयुक्त देखिन्छ।

## ५.२.४ बीमालेख विविधिकरण, सामाजिक सुरक्षा र दाबी व्यवस्थापनमा सुधार

१. नेपालमा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने जोखिमलाई दृष्टिगत गर्दै लक्षित वर्गका लागि मौसम सूचकाङ्कमा आधारित सरल बीमालेख विकास गरिनुपर्दछ। साथै, यस्ता बीमालेखलाई सरकारको कृषि बीमा अनुदान कार्यक्रमसँग जोडी लघुबीमकलाई कृषि बीमा सेवा प्रदायकको रूपमा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइनु आवश्यक देखिन्छ।

२. दुर्गम तथा ग्रामिण र न्यून आय भएका क्षेत्रको स्वास्थ्यमा हुन सक्ने जोखिमको बीमाको माध्यमबाट सुरक्षण गर्न लघुबीमकले लक्षित वर्ग केन्द्रित स्वास्थ्य बीमा योजनाहरू तथा वैकल्पिक वितरण प्रणालीको विकास गर्नु पर्दछ। यसका लागि अस्पताल भर्ना, दुर्घटना र प्रसूति जस्ता आवश्यकताहरू समेट्ने गरी सरल तथा न्यून बीमाशुल्कमा आधारित स्वास्थ्य लघुबीमा योजना बीमकले जारी गर्नु पर्दछ।

३. लघु जीवन बीमामा रहेको महिलाहरूको बाहुल्यतालाई उपयोग गर्दै महिला उद्यमी सुरक्षा र मातृत्व स्वास्थ्य समेट्ने महिला केन्द्रित लघुबीमा योजनाहरू प्रवर्द्धन गरिनुपर्दछ।

४. दाबी भुक्तानीलाई द्रुत र झन्झटमुक्त बनाउन डिजिटल दाबी फछ्र्यौट प्रणाली लागू गर्ने, अनलाइन ट्र्याकिङ्ग योग्य दाबी भुक्तानी प्रणालीको विकास गर्ने, टोल फ्री हेल्पलाइनमा आधारित लघुबीमित उजुरी व्यवस्थापन प्रणालीको विकास गर्ने र बीमालेखका सर्तहरू स्थानीय भाषामा सरल रूपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ।

## सन्दर्भ सामग्री


Adhikari, R., & Timsina, N. (२०१९). Agricultural microinsurance in Nepal Challenges and opportunities for smallholder farmers. Nepal Agricultural Research Council.

Ahmed, S. M. (२०१२). Microinsurance in Bangladesh Risk protection for the poor. BRAC Development Institute.

Armendáriz, B., & Szafarz, A. (२०११). On mission drift in microfinance institutions. In B. Armendáriz & M. Labie (Eds.), The handbook of microfinance (pp. ३४१—३६६). World Scientific Publishing.

Banthia, A., Johnson, S., McCord, M. J., & Mathews, B. (२००९). Microinsurance that works for women Making gender-sensitive microinsurance programs (Microinsurance Paper No. ३). International Labour Organization.

Barneto, P. (२०१७). Climate change and microinsurance Adapting products for emerging risks. Microinsurance Network.

Bhattarai, K. (२०२३). Constitutional social security rights and microinsurance implementation gap in Nepal. Nepal Law Review, १५(२), ४५—६८.

Churchill, C. (Ed.). (२००६). Protecting the poor A microinsurance compendium. International Labour Organization & Munich Re Foundation.

Churchill, C., & Matul, M. (Eds.). (२०१२). Protecting the Poor A Microinsurance Compendium (Vol. II). Geneva International Labour Organization.

Cull, R., Demirgüç-Kunt, A., & Morduch, J. (२००९). Microfinance meets the market. Journal of Economic Perspectives, २३(१), १६७—१९२. https//doi.org/१०.१२५७/jep.२३.१.१६७

Dercon, S. (२००५). Insurance against poverty. Oxford University Press.

Devereux, S., & Sabates-Wheeler, R. (२००४). Transformative social protection (IDS Working Paper No. २३२). Institute of Development Studies.

Dror, D. M., & Jacquier, C. (१९९९). Micro-insurance Extending health insurance to the excluded. International Social Security Review, ५२(१), ७१—९७. https//doi.org/१०.११११/१४६८-२४६X.०००३०

Eling, M., Pradhan, S., & Schmit, J. T. (२०१४). The determinants of microinsurance demand. The Geneva Papers on Risk and Insurance — Issues and Practice, ३९(२), २२४—२६३. https//doi.org/१०.१०५७/gpp.२०१४.५

Ghimire, R. (२०१६). Microinsurance in Nepal Early initiatives and emerging challenges. Nepal Insurance Board Research Division.

Giné, X., Townsend, R., & Vickery, J. (२००८). Patterns of rainfall insurance participation in rural India. The World Bank Economic Review, २२(३), ५३९—५६६. https//doi.org/१०.१०९३/wber/lhn०१५

Insurance Regulatory and Development Authority of India. (२०२२). Annual report २०२१—२२. IRDAI. https//www.irdai.gov.in

International Association of Insurance Supervisors & Microinsurance Network. (२००७). Issues in regulation and supervision of microinsurance. IAIS.

International Labour Organization. (२०२२). World Social Protection Report २०२०—२२ Social protection at the crossroads ‘ in pursuit of a better future. Geneva ILO.

Leftley, R., & Mapfumo, S. (२००६). Effective microinsurance programs to reduce vulnerability (Opportunity International Technical Series). Opportunity International.

Llanto, G. M. (२००७). Microinsurance regulation in the Philippines (Philippine Institute for Development Studies Discussion Paper No. २००७-२६). PIDS.

Luitel, H. S. (२०२०). Comparative analysis of microinsurance regulatory frameworks Lessons for Nepal. Himalayan Journal of Development and Democracy, ८(१), ११२—१३५.

Matul, M., Dalal, A., De Bock, O., & Gelade, W. (२०१३). Why people do not buy microinsurance and what can we do about it? (Microinsurance Paper No. २०). International Labour Organization.

McCord, M. J. (२०१२). The viability and sustainability of microinsurance programs. MicroInsurance Centre.

Microinsurance Network. (२०२१). The landscape of microinsurance २०२१. Microinsurance Network. https//www.microinsurancenetwork.org

Microinsurance Network. (२०२३). The State of Microinsurance. Luxembourg Microinsurance Network.

Morduch, J. (२००६). Microinsurance The next revolution? In A. V. Banerjee, R. Bénabou, & D. Mookherjee (Eds.), Understanding poverty (pp. ३३७—३५६). Oxford University Press.

Panda, P., Chakraborty, A., & Dror, D. M. (२०१६). Enrolment in community-based health insurance schemes in rural Bihar and Uttar Pradesh, India. Health Policy and Planning, ३१(८), ११०७—१११७. https//doi.org/१०.१०९३/heapol/czw०४०

Paudel, Y. R. (२०२२). Evolution of insurance law in Nepal From Insurance Act २०२५ to Insurance Act २०७९. Nepal Bar Council Journal, १९(१), ७८—१०२.

Platteau, J. P. (२०१४). Redistributive pressures in sub-Saharan Africa Causes, consequences, and coping strategies. In E. Akyeampong, R. Bates, N. Nunn, & J. A. Robinson (Eds.), Africa÷s development in historical perspective (pp. १५३—२०७). Cambridge University Press.

Platteau, J. P., & Abraham, A. (२००२). Participatory development in the presence of endogenous community imperfections. Journal of Development Studies, ३९(२), १०४—१३६. https//doi.org/१०.१०८०/००२२०३८०४१२३३१३२२७७१

Raju, S. S., & Bhende, M. J. (२००२). Crop insurance in India A review (NCAP Working Paper No. २). National Centre for Agricultural Economics and Policy Research.

Roth, J., McCord, M. J., & Liber, D. (२००७). The landscape of microinsurance in the world÷s १०० poorest countries. MicroInsurance Centre.

Sharma, P. (२०२१). Financial inclusion and microinsurance penetration in Nepal A measurement framework. Economic Policy Research Centre, Tribhuvan University.

Swiss Re Institute. (२०२३). World Insurance Riding Out the Inflation Storm. Sigma No. १/२०२३. Zurich Swiss Re.

Thapa, B. (२०२०). Microfinance- microinsurance linkage in Nepal Evidence from rural households (NRB Working Paper Series NRB-WP-५२). Nepal Rastra Bank.

Wiedmaier-Pfister, M., & Chatterjee, A. (२००६). Microinsurance regulation for mutual benefit organizations. International Labour Organization.

नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०. राष्ट्रिय तथ्याङ्क कार्यालय।

नेपालको वित्तीय साक्षरतासम्बन्धी आधारभूत सर्वेक्षण (२०२२). नेपाल राष्ट्र बैंक।

नेपालको संविधान, २०७२. नेपाल राजपत्र।

पन्ध्रौं योजना (२०७६/७७—२०८०/८१). राष्ट्रिय योजना आयोग।

बीमा ऐन, २०७९. नेपाल राजपत्र।

लघुबीमक कारोबार तथा प्रगति प्रतिवेदन (आ.व. २०७९/८० — २०८२/८३ फागुन). नेपाल बीमा प्राधिकरण, लघुबीमा शाखा।

लघुबीमा अभिकर्ता नामावली विवरण (मिति २०८२/१०/०८ सम्म). नेपाल बीमा प्राधिकरण, मध्यस्थकर्ता शाखा।

लघुबीमा निर्देशिका, २०७९. नेपाल बीमा प्राधिकरण।

सोह्रौं योजना (२०८१/८२—२०८५/८६. राष्ट्रिय योजना आयोग।

# तालिकाहरूको अनुसूची

## अनुसूची १ लघु बीमकले तालिम, समाजिक उत्तरदायित्व, जनचेतनामुलक कार्यक्रममा गरेका खर्च।

| क.सं. | बीमकको नाम | समाजिक उत्तरदायित्व | | | जनचेतनामुलक कार्यक्रम | | | तालिम प्रयोजनार्थ | | | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ हालसम्म | २०८०/८१ | २०८१/८२ | २०८२/८३ हालसम्म | २०८०/८१ | २०८१/८२ | २०८२/८३ हालसम्म | |
| १ | गार्डियन माईक्रो लाईफ ई. लि. | १०००० | २४८५०२ | - | - | | | ३३८९१०.९६ | ७७२७९८.७ | ९९०३७७.१६ | २३,६०,५८९ |
| २ | क्रेष्ट माईक्रो लाईफ ई. लि. | २१८००० | | | - | | | ११७८२६३.९५ | | | १३,९६,२६४ |
| ३ | लिबर्टी माईक्रो लाईफ ई. लि. | १२२५०३ | | | जनचेतनामुलक कार्यक्रम गरिएको तर खर्च नभएको । | | | १५३०१५३ | | | १६,५२,६५६ |
| ४ | नेपाल माईक्रो ई. क. लि. | १४३५१८.६८ | | | ९२०१८ | | | ५५३४८४.०७ | | | ७,८९,०२०.७५ |
| ५ | प्रोटेक्टिभ माईक्रो ई. लि. | १४६६५० | | | ३४०५१४ | | | ८८३३६७ | | | १३,७०,५३१. |
| ६ | स्टार माईक्रो ई. क. लि. | - | | | २३००० | | | ६०४०१६ | | | ६,२७,०१६. |
| ७ | ट्रस्ट माईक्रो ई. लि. | ७२००० | | | - | | | ९६८४४३.९३ | | | १०,४०,४४३.९३ |
| | कुल रकम | | | | | | | | | | ९२,३६,५२०.४५ |

## अनुसूची २ जीवन बीमा कम्पनीको लघुबीमा कारोबार।

| S. No. | Policy | 2079/80 | | | 2080/81 | | | 2081/82 | | | 2082/83(Till Falgun) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Sum of Number Of Issued Policies | Sum of First Premium Income | Sum of Renewal Premium Income | Sum of Number Of Issued Policies | Sum of First Premium Income | Sum of Renewal Premium Income | Sum of Number Of Issued Policies | Sum of First Premium Income | Sum of Renewal Premium Income | Sum of Number Of Issued Policies | Sum of First Premium Income | Sum of Renewal Premium Income |
| 1 | Endowment Micro Life Insurance Policy | 102036 | 115668436 | 120436754 | 40751 | 47459506 | 99445702 | 145157 | 162015492 | 17202685 | 263848 | 323741908 | 14066176 |
| 2 | Other Micro Life Insurance | 1175133 | 517633352 | 18167597 | 1091420 | 609045005 | 14553365 | 775369 | 625195675 | | 301162 | 293959789 | |
| 3 | Term Micro Life Insurance Policy | 3915229 | 1658366832 | 7927231 | 1613165 | 1844891937 | 51605489 | 1915648 | 1507773560 | 7515 | 1194484 | 807521282 | 791 |
| | Total | 5192398 | 2291668620 | 146531582 | 2745336 | 2501396448 | 165604556 | 2836174 | 2294984727 | 17210200 | 1759494 | 1425222979 | 14066967 |

## अनुसूची ३ लघु जीवन बीमकको लघुबीमा कारोबार।

आ. व. २०७९/८० मा लघु जीवन बीमालेख कारोबार ।

| S.No. | Company | Term Micro Life Insurance Policy | Sum of First Premium Income | Count of Renewal Premium Income | Sum of Sum Assured |
|---|---|---|---|---|---|
| 1 | Crest Micro Life Insurance | 92 | 63828 | | 17054000 |
| 2 | Guardian Micro Life Insurance Ltd. | 127 | 141267 | | 46010000 |
| | Grand Total | 219 | 205095 | | 63064000 |

### आ. व. २०८०/८१ मा लघु जीवन बीमालेख कारोबार ।

| S.No. | Company | Endowment Micro Life Insurance Policy | Term Micro Life Insurance Policy | Grand Total (Issued Policies) | Sum of First Premium Income | Sum of Renewal Premium Income | Sum of Sum Assured |
|---|---|---|---|---|---|---|---|
| 1 | Crest Micro Life Insurance | 1029 | 57745 | 58774 | 97532304 | 113162 | 9385775676 |
| 2 | Guardian Micro Life Insurance Ltd. | 483 | 30290 | 30773 | 42202538 | 32968 | 4863866400 |
| 3 | Liberty Micro Life Insurance Limited | 1499 | 13434 | 14933 | 29902481 | | 2392922348 |
| | Grand Total | 3011 | 101469 | 104480 | 169637323 | 146130 | 16642564424 |

## आ. व. २०८१/८२ मा लघु जीवन बीमालेख कारोबार ।

| S.No. | Company | Anticipated Micro Life Insurance Policy | Child Micro Life Insurance Policy | Endowment Micro Life Insurance Policy | Foreign Employment Micro Life Insurance Policy | Other Micro Life Insurance | Term Micro Life Insurance Policy | Grand Total (Issued Policies) | Sum of first Premium Income | Sum of Renewal Premium Income | Sum of Sum Insured |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Crest Micro Life Insurance | ८५ | ९० | २१७५ | ४६२४ | | ३७५९१७ | ३८२८९१ | ३०४०३२०७७ | ८९०४९११ | ३०९३४४७२७१० |
| २ | Guardian Micro Life Insurance Ltd. | | ५५ | ११२१ | ९४४ | ५६ | ११५८४८८ | ११६०६६४ | ३१२५८९३३८ | ७३७९९७१ | ६३०३०५०२५६१ |
| ३ | Liberty Micro Life Insurance Limited | | ६३१ | २५२७ | ६२४१ | | १८३४९५ | १९२८९४ | ११९६७८२९४९ | १३७४०००१ | २८१५५८३००९८ |
| | Grand Total | ८५ | ७७६ | ५८२३ | ११८०९ | ५६ | १७१७९०० | १७३६४४९ | ८१३४०४३६४ | ३००२४८८३ | १२२१२०८०५३६९.३० |

## २०८२/८३ को फाल्गुन मसान्तसम्मको लघु जीवन बीमालेख कारोबार ।

| S. No. | Company | Anticipated Micro Life Insurance Policy | Child Micro Life Insurance Policy | Endowment Micro Life Insurance Policy | Foreign Employment Micro Life Insurance Policy | Term Micro Life Insurance Policy | Grand Total | Sum of First Premium Income | Sum of Renewal Premium Income | Sum of Sum Assured |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Crest Micro Life Insurance | ११ | १८१ | १९४० | ७०६७ | २९७८४५ | ३०७०४४ | २७२६८१२९८ | १६५७८५६६ | ११२०५५९७९८८३ |
| २ | Guardian Micro Life Insurance Ltd. | | २२५ | ६७७ | ५११ | ८२७०२९ | ८२८४४२ | २४४७५६६६६.१ | १३५१२१६४ | ६६४४७५३८२९५ |
| ३ | Liberty Micro Life Insurance Limited | | ३४४ | ११८४ | ३७३२३ | ३५७४७७ | ३९६३२८ | ३४२०९४०५७ | २५८१५३८९ | ७६८८४३१४८९३ |
| | Grand Total | ११ | ७५० | ३८०१ | ४४९०१ | १४८२३५१ | १५३१८१४ | ८५९५३२०२१.१ | ५५९०६११९ | २५५३८७८३३०७१ |

## अनुसूची ४ लघु निर्जीवन बीमकको लघुबीमा कारोबार।

आ. व. २०७९/८० मा लघु निर्जीवन बीमालेख कारोबार ।

| S.No. | Company | Other Micro Insurance Policy | Sum of Gross Premium Income | Sum of Sum Insured |
|---|---|---|---|---|
| १ | Protective Micro Insurance Ltd | २ | १०१०७.८ | ६९७०८७२.२० |
| | Grand Total | २ | १०१०७.८ | ६९७०८७२.२० |

### आ. व. २०८०/८१ मा लघु निर्जीवन बीमालेख कारोबार ।

| S. No | Company | Accident Micro Insurance Policy | Burglary Micro Insurance Policy | Engineering Micro Insurance Policy | Household Micro Insurance Policy | Micro Insurance Policy Others | Motor Comprehensive Micro Insurance Policy | Motor Third-party Insurance Policy | Other Micro Insurance Policy | Property Micro Insurance Policy | Grand Total (No.) | Sum of Gross Premium Income | Sum of Sum Insured |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Nepal Micro | १६३ | १४१ | | ३१० | | १५४३ | ४६२७७ | ३० | १००९ | ४९४७३ | १०३१६६१५८ | ७१३१६५१९६२ |
| २ | Protective Micro | १२४ | २७३ | ३७ | ५८० | | ६२६५ | २०१८९ | १११ | २८३१ | ३०४१० | ९००४२११९ | १२८५८४४३२३३ |
| ३ | Star Micro | २०७ | २१२ | ४ | ४५९ | १९ | ५५३ | २७३३७ | | १९८० | ३०७७१ | ६४०११२९१ | ७५८३३९२३९५ |
| ४ | Trust Micro | ४८ | ८९ | | १६१ | | ३५३ | १२६२५ | | ५९९ | १३८७५ | ३२७५३४५४ | २५४३०५११८४ |
| | Grand Total | ५४२ | ७१५ | ४१ | १५१० | १९ | ८७१४ | १०६४२८ | १४१ | ६४१९ | १२४५२९ | २८९९७३०२२ | ३०११६५३८७७५ |

## आ. व. २०८१/८२ मा लघु निर्जीवन बीमालेख कारोबार ।

| S. No. | Company | Accident Micro Insurance Policy | Burglary Micro Insurance Policy | Engineering Micro Insurance Policy | Household Micro Insurance Policy | Micro Insurance Policy Others | Motor Comprehensive Micro Insurance Policy | Motor Third-party Insurance Policy | Other Micro Insurance Policy | Property Micro Insurance Policy | Grand Total (No.) | Sum of Gross Premium Income | Sum of Sum Insured |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Nepal Micro | २३३ | २३६ | ५ | ६५४ | | १२७७२ | ८५६५३ | ७८ | २१०८ | १०१७३९ | २६२८०१५०६.५ | १७०५९२०३१२१.५० |
| २ | Protective Micro | ३१० | ५१५ | ९ | १३५८ | | १२०६२ | ७९४८९ | २०७ | ५१८५ | ९९१३५ | २४९३८२०२१.२ | २७१७८९४०७६३.६२ |
| ३ | Star Micro | १५८ | ९९९ | १३ | २७०१ | ७६६ | २८२९ | ८५२६६ | | ९७६४ | १०२४९६ | २२७४२४८६० | ३४९६४६९०५९९.२१ |
| ४ | Trust Micro | ७४ | ५०३ | | १३२० | | ७०९३ | ६२१९९ | | ४८७४ | ७६०६३ | २१४२६५४६४.२ | २१७४९५०६४०३.७९ |
| | Grand Total | ७७५ | २२५३ | २७ | ६०३३ | ७६६ | ३४७५६ | ३१२६०७ | २८५ | २१९३१ | ३७९४३३ | ९५३८७३८५२ | १००९५२३४०८८८.१२ |

## आ. व. २०८२/८३ को फाल्गुन महिना सम्मको लघु निर्जीवन बीमालेख कारोबार ।

| S. No. | Company | Accident Micro Insurance Policy | Burglary Micro Insurance Policy | Engineering Micro Insurance Policy | Household Micro Insurance Policy | Micro Insurance Policy Others | Motor Comprehensive Micro Insurance Policy | Motor Third-party Insurance Policy | Other Micro Insurance Policy | Property Micro Insurance Policy | Grand Total (No.) | Sum of Gross Premium Income | Sum of Sum Insured |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Nepal Micro Insurance Company Ltd. | ६८ | १६९ | | ५०६ | | ११०४२ | ६४४७४ | ३४ | १६१४ | ७७९०७ | २१५०६६८९६.४ | १२३९९८८८२८२ |
| २ | Protective Micro Insurance Ltd | १९८ | ३०९ | | १०७० | | ९४०६ | ७३०१४ | १०६ | ३४१४ | ८७५१७ | २२८०९६१२१.३ | १८३०७४७३९६८ |
| ३ | Star Micro Insurance Company Limited | ७३ | ८५२ | | २०६४ | | २५४२ | ६६४३२ | ५६४ | ७९२३ | ८०४५० | १८४०३९२६७.७ | २९०६९१८९८०९ |
| ४ | Trust Micro Insurance Limited | ६० | ४१३ | | १२९९ | | ८७३३ | ४५१८५ | | ४३५३ | ६००४३ | १९८६७४१८९.१ | २१९९८६१०२२८ |
| | Grand Total | ३९९ | १७४३ | ० | ४९३९ | ० | ३१७२३ | २४९१०५ | ७०४ | १७३०४ | ३०५९१७ | ८२५८७६४७४.४ | ८१७७५१६२२८५.६७ |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

Lalitpur-10, Kupondole, Nepal

+977-1-5421079, 5438743
1660-01-56789 (Toll Free Number)

info@nia.gov.np, ir@nia.gov.np,
ujuri@nia.gov.np, gunaso@nia.gov.np
itsupport@nia.gov.np